# किशोरकिशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा प्रमाणीकरण सामाग्री

२०७२



# Quality Improvement and Certification Tool for Adolescent Friendly SRH Service

किशोरकिशोरी
मैत्री स्वास्थ्य सेवा

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
परिवार स्वास्थ्य महाशाखा

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# स्वास्थ्य सेवा विभाग
..................................महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पचली, टेकु
काठमाडौं, नेपाल ।

पत्र संख्या:–

चलानी नम्बर:–

मिति : ..............................

**विषय :** मन्तब्य

मानव जीवनको किशोरावस्था एक संवेदनशील अवस्था हो । किशोर किशोरीहरूमा उनीहरूको आफ्नो प्रजनन स्वास्थ्य सम्बन्धी आवश्यकताहरू सम्बन्धी बुझाइमा कमी रहेको पाइएको छ भने किशोर किशोरीहरूका यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी आवश्यकताहरू पनि अरू उमेर समूहका व्यक्तिहरूका भन्दा भिन्न हुन्छन् । किशोर किशोरीहरूका आवश्यकताहरूमा सम्बोधन र उनीहरूको स्वस्थ यौन तथा प्रजनन स्वास्थ्य विकास, परिपक्वता तथा व्यवहारको प्रबद्र्धन गर्ने कार्य अन्य राष्ट्रहरूमा झैं नेपालको लागि पनि चुनौतीपूर्ण रहेको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गरेर नेपाली जनताको समग्र स्वास्थ्य स्थिति सुधार गर्न प्रतिबद्ध छ । कुल जनसङ्ख्याको झण्डै एक चौथाइ (२४.१९%) ओगटेका किशोर किशोरीहरू स्वास्थ्य सम्बन्धी अनेक किसिमका समस्याहरू, विशेष गरी प्रजनन स्वास्थ्यसम्बन्धी समस्याहरूको लागि जोखिममा छन् ।

सन् १९९४ मा भएको अन्तर्राष्ट्रिय जनसङ्ख्या तथा विकास सम्बन्धी सम्मेलनको हस्ताक्षरकर्ता भएर नेपालले किशोर किशोरीहरूको प्रजनन स्वास्थ्य सिङ्गो प्रजनन स्वास्थ्य कार्यक्रमको अभिन्न अङ्गको रूपमा रहेको कुरा आत्मसात गरेको छ र जनसङ्ख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनले तयार गरेको कार्य योजनामा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । यसै क्रममा नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य तथा विकासका विषयहरूमा सम्बोधन गर्नका लागि किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य तथा विकास रणनीति विकास गरी यसको कार्यान्वयन निर्देशिका २०६५ र राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका २०६८ समेत विकास गरी कार्यान्वयन भइसकेको छ । उक्त रणनीति र कार्यक्रम सञ्चालन निर्देशिकाको मार्गनिर्देशमा रही किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्नका लागि यो किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरण तथा गुणस्तर अभिवृद्धि सामग्री सहयोगी हुने छ ।

किशोर किशोरीहरूलाई स्वस्थ किशोरावस्था हुँदै स्वस्थ वयस्कतामा प्रवेश गराउनका लागि स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरूको महत्वपूर्ण भूमिका हुन्छ । स्वास्थ्य संस्थाबाट प्रदान गरिने यौन तथा प्रजनन स्वास्थ्य सेवालाई किशोर किशोरी मैत्री बनाउन र सेवाको गुणस्तर अभिवृद्धि गर्न सकिएमा सेवा आवश्यक हुने किशोर किशोरीहरूलाई यथा समयमा स्वास्थ्य सेवा लिनमा सहजता भएमा प्रभावकारी सेवा दिने कार्यमा सफलता हुने भएकोले स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्नका लागि समेत यो सामग्री उपयोगी सिद्ध हुने छ । यसका अतिरिक्त यो सामग्री सम्बन्धित नीति निर्माता, योजनाकार, कार्यक्रम व्यवस्थापक तथा इच्छुक अन्य सरोकारवालाहरूलाई समेत उपयोगी बन्ने छ ।

अन्तमा, परिवार स्वास्थ्य महाशाखाले यो किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा प्रमाणीकरण सामग्री तयार पारेकोमा बधाई ज्ञापन गर्दछु साथै यसको सफल कार्यान्वनयनको लागि सम्बन्धित सबै निकायहरूलाई सहयोगको लागि अनुरोध गर्दछु ।

.............................
डा. सेनेन्द्रराज उप्रेती
महानिर्देशक
स्वास्थ्य सेवा विभाग

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य सेवा विभाग
.............................................महाशाखा

☎ ४-२६१७१२
४-२६१४३६
फ्याक्स: ४-२६२२३८

पत्र संख्याः–

चलानी नम्बरः–

पचली, टेकु
काठमाडौं, नेपाल ।

मिति : ..............................

**विषय :** आभार

नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य तथा विकासका विषयहरूमा सम्बोधन गर्नका लागि "राष्ट्रिय प्रजनन स्वास्थ्य रणनीति, २०५४" र किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य तथा विकास रणनीति विकास गरी यसको कार्यान्वयन निर्देशिका २०६५ र राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका २०६८ समेत विकास गरी कार्यान्वयन भइसकेको छ ।

किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गरेर किशोर किशोरीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्न सकेमा हालका किशोर किशोरीहरूको स्वास्थ्य प्रवर्धन गर्न सहयोग पुग्ने र भविष्यमा उनीहरूको स्वास्थ्यमा गर्नु पर्ने लगानीमा कमी हुन सक्नुका साथै देशमा स्वस्थ जनशक्ति प्राप्त हुन सक्दछ । यसै कुरालाई मध्यनजर राखेर सम्पूर्ण किशोर किशोरीहरूलाई गुणस्तरीय सेवा प्रदान गर्नका लागि किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा प्रमाणीकरण सामग्रीको विकास गरिएको छ । यस सामग्रीको प्रयोगले स्वास्थ्य संस्थाहरूबाट किशोर किशोरीहरूलाई गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्न, प्रदान गरिएको सेवाको अनुगमन गर्न र सेवाको गुणस्तरलाई कायम राखिराख्नमा सम्बन्धित स्वास्थ्य संस्था, जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालय, क्षेत्रीय स्वास्थ्य निर्देशनालय तथा परिवार स्वास्थ्य महाशाखालाई सहयोग पुग्ने छ भन्ने अपेक्षा गरिएको छ ।

किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा प्रमाणीकरण सामग्री विश्व स्वास्थ्य सङ्गठन लगायत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायहरूले विकास गरेका प्रमाणीकरण तथा गुणस्तर अभिवृद्धि सामग्रीहरूको अध्ययन, विज्ञहरूसँग परामर्श बैठकहरूको माध्यमद्वारा तयार पारिएको हो । यसका अतिरिक्त यसमा सम्बन्धित विज्ञ, नीति-निर्माता, कार्यक्रम व्यवस्थापकहरू र स्वास्थ्यकर्मीहरूसँग विस्तृत रूपमा परामर्श र छलफलहरू गरिनुका साथै परामर्श बैठकबाट प्राप्त सुझाव र सल्लाहहरू समावेश गरी यो सामग्री विकास गरिएको हो ।

किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा प्रमाणीकरण सामग्री तयार गर्ने क्रमका विभिन्न चरणहरूमा पुनरावलोकन, पृष्ठपोषण, सुझाव तथा सल्लाहहरू दिई सहयोग पुऱ्याउनु हुने प्राविधिक सल्लाहकार समूह (Technincal Advisory Group) का सदस्यहरू तथा अन्य सम्पूर्ण महानुभावहरूप्रति आभार व्यक्त गर्दछु ।

साथै यो सामग्री तयार गर्ने प्रत्येक चरणमा मार्ग निर्देशन गर्नुहुने परिवार स्वास्थ्य महाशाखाका वरिष्ठ जनस्वास्थ्य प्रशासक श्री घनश्याम पोखरेल र वरिष्ठ एकीकृत चिकित्सा अधिकृत डा. श्री झलक शर्मा गौतमप्रति धन्यवाद व्यक्त गर्दछु ।

यो किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा प्रमाणीकरण सामग्री तयार गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग गरी राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रममा योगदान पुऱ्याएकोमा संयुक्त राष्ट्र सङ्घीय जनसङ्ख्या कोष (UNFPA) र यसका किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम अधिकृत श्री मञ्जु कर्माचार्य र अन्तरराष्ट्रिय परामर्शदाता डा. एलीसा केनेडीलाई धन्यवाद व्यक्त गर्दछु ।

यसका साथै किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि तथा प्रमाणीकरण सामग्रीको विकास गर्न सहयोग गरेर राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रममा योगदान पुऱ्याएकोमा सीसो नेपाल (सिप सूचना समाज नेपाल), यस कार्यक्रमका टोली प्रमुख (Team Leader) डा. श्री अर्चना अमात्य र सीसो नेपालका कार्यकारी निर्देशक श्री खुमानन्द सुवेदीलाई धन्यवाद व्यक्त गर्दछु ।

डा. पुष्पा चौधरी
निर्देशक
परिवार स्वास्थ्य महाशाखा

## List of Contributors

- Dr. Pushpa Chaudhary, Director, FHD
- Mr. Ghanashyam Pokharel, Senior Public Health Administrator, FHD
- Dr. Jhalak Gautam, Senior Integrated Medical Officer, FHD
- Dr. Ishwor Prasad Upadhyaya, Integrated Medical Officer, NHTC
- Dr. Josephine Sauvarin, ASRH and HIV Advisor, APRO, UNFPA
- Dr. Shilu Adhikari, RH Specialist, UNFPA
- Ms. Manju Karmacharya, ASRH Program Officer, UNFPA
- Ms. Bobby Rawal Basnet, M&E Officer,UNFPA
- Dr. Elissa Kennedy, Consultant, UNFPA
- Dr. Rajendra Bhadra, Health Team Leader, Health For Life (H4L)
- Shree Bhakta Subasi, Senior Program Offier GIZ
- Mr. Khim Bahadur Khadka, Program Coordinator, Save the Children
- Dr. Archana Amatya, Team Leader, SISo Nepal
- Mr. Khumananda Subedi, ASRH and AFS Expert, Executive Director, SISo Nepal
- Mr. Suraj Bhusal, Team Member, SISo Nepal
- Ms. Pushpa Subedi, Program Officer, SISo Nepal

# विषय सूची

प्रस्तावना

आभारोक्ति

List of Contributors

१. पृष्ठभूमि ........................................................................................१

२. परिचय..........................................................................................१

३. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरण सामग्री सञ्चालन (लागू) गर्ने.............................................................................................२

४. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरण गर्नका लागि समूह गठन गर्ने.............................................................................................३

५. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरण प्रक्रिया सञ्चालन.........३

६. अङ्क दिने र स्तर निर्धारण गर्ने............................................................................ ४

७. किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाको प्रमाणीकरण..............................................................५

८. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरणका आधारहरूको अनुगमन अङ्क तालिका–सारांश फाराम ...........................................................................७

९. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरणका लागि गुणस्तर अभिवृद्धि अनुगमन ..................................................................................................१४

१०. प्रत्येक अनुगमन सामग्री र सङ्क्षिप्त फारम पूरा गर्नका लागि निर्देशन :.................................... १६

११. किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणका लागि गरिने अनुगमन सामग्रीको नमुना..........................................................................................१८

१२. किशोर किशोरी मैत्री सेवाको गुणस्तर अभिवृद्धि अनुगमन सामग्री......................................... २३

१३. कार्य योजना..........................................................................................६४

## १. पृष्ठभूमि

नेपालको जनसङ्ख्यामा नवयुवा युवतीहरूको सङ्ख्या उल्लेख्य रहेको छ। नेपालमा किशोर किशोरीहरूको जनसङ्ख्या कूल जनसङ्ख्याको झण्डै एक चौथाइ (झण्डै ६४ लाख) अर्थात् २४.१९ प्रतिशत रहेको छ। मानव जीवनको किशोरावस्थामा विभिन्न शारीरिक, मनोसामाजिक र यौनिक परिवर्तनहरू हुने भएकोले यो जीवनकै सम्वेदनशिल अवस्था हो। किशोर किशोरी तथा युवा युवतीहरूमा यौन गतिविधिका कारणले उत्पन्न हुने परिणामहरू किशोर तथा युवाहरूको तुलनामा किशोरी तथा युवतीहरूमा जीव वैज्ञानिकीय तथा सामाजिक दुवै हिसाबले बढी जटिल हुन्छन्।

नेपालमा सन् २०१२ मा गरिएको किशोर किशोरी तथा युवा सर्वेक्षणका अनुसार किशोरावस्थाको १८ वर्षमा पहिलो पटक यौन सम्पर्क (mean age of first sexual intercourse) गरेको देखिएको छ। यसमध्येमा केवल १ प्रतिशत १५-२४ वर्षका अविवाहित किशोरी तथा युवतीहरूले यौन सम्पर्क गरेको देखिएको छ भने सोही उमेरका अविवाहित किशोर तथा युवाहरूमा यो सङ्ख्या २२ प्रतिशत भएको पाइएको छ (नेपाल जनसाङ्खिक तथा स्वास्थ्य सर्वेक्षण २०११) जुन सन् २००६ मा गरिएको सोही सर्वेक्षणको तुलनामा १७ प्रतिशतले बढी हो (Sexual and Reproductive Health of adolescents and youth in Nepal: Trends and determinants. Further Analysis of the 2011 Nepal Demographic and Health Survey, March 2013)।

नेपाल जनसाङ्खिक तथा स्वास्थ्य सर्वेक्षण २०११ का अनुसार १५ देखि ४९ वर्षका विवाहित महिलाहरूमा परिवार नियोजन सेवाको अपरिपूर्त माग २७ प्रतिशत देखिएको छ भने सोही अवधिमा १५-१९ वर्षका विवाहित किशोरीहरूमा यो सेवाको अपरिपूर्त माग ४१.५ प्रतिशत देखिएको छ। यसले किशोर किशोरीहरूका लागि किशोर किशोरी मैत्री गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवा प्रदान गर्नका लागि सरकारी तथा गैर सरकारी क्षेत्रका स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकतालाई औंल्याउँदछ। यस्तो अवस्थामा यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सेवा उपयोग नहुनुमा सेवाहरू सेवाग्राही मैत्री नहुनु र सेवामा सहज पहुँच नहुनु मुख्य दुई कारण देखिएका छन्।

स्वास्थ्य सम्बन्धी जानकारी, शिक्षा र मनोपरामर्श, परिवार नियोजन, गर्भवति सेवा, प्रसूति सेवा सुरक्षित गर्भपतन यौन सङ्क्रमण तथा एचआईभी सङ्क्रमण लगायतका यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सेवा तथा आवश्यक भएमा प्रेषण सेवा समेतका सेवाहरूका लागि प्रवेश विन्दु स्वास्थ्य संस्था भएको हुँदा राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका २०६८ (२०११) ले महिला स्वास्थ्य स्वयम् सेविका, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति, विद्यालय, प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक लगायतका सञ्जालहरूसँग समन्वय गरेर जानकारी तथा सेवाहरूसम्म पहुँच बढाउनका लागि समुदायको सहयोगको आवश्यकतामा जोड दिएको छ।

## २. परिचय

उच्च गुणस्तरीय किशोर किशोरी मैत्री स्वास्थ्य सेवा प्रदान गर्नका लागि विभिन्न विशेषज्ञहरू, सरकारी अधिकारीहरू र किशोर किशोरीहरूलाई किशोर किशोरी मैत्री स्वास्थ्य सेवा प्रदान गरिरहेका स्वास्थ्यकर्मीहरूको सहयोग र राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिका २०६८ (२०११) को मार्ग निर्देशमा रहेर यो किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणका आधारहरू र गुणस्तर अनुगमन सामग्री (Certification Criteria and Quality Assessment Tool) को विकास गरिएको हो। यो सामग्री

विकास गर्नुको मुख्य उद्देश्य नेपाल सरकारका स्वास्थ्य संस्थाहरूमा उच्च गुणस्तरको किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको उपलब्धता र निरन्तरताको सुनिश्चितता गर्नु हो ।

यो किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको प्रमाणीकरण तथा गुणस्तर अभिवृद्धि सामग्री स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको अवस्थाको प्रमाणीकरण गर्दा सेवाको गुणस्तरको परिमाण तोक्ने साधन हो । यसलाई किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सुरु गर्दा आधाररेखा (Baseline) का रूपमा रहेको आँकडा (अवस्था) सँग हालको प्रगतिलाई तुलना गर्नका लागि पनि प्रयोग गर्न सकिने छ । यसले किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको अनुगमन मात्र नभई किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिको अवस्था देखाउने र किशोर किशोरी मैत्री सेवाको मापदण्ड हासिल भए नभएको अवस्था निर्धारण गर्न सम्म सहयोग पुऱ्याउँछ । यो सामग्रीको प्रयोग गरेर सेवाको गुणस्तर प्रमाणीकरणको प्रक्रियाले निम्नानुसार फाइदाहरू हुन्छन् :

- यो सामग्रीमा किशोर किशोरी मैत्री स्वास्थ्य सेवाका राष्ट्रिय मापदण्डहरू हासिल गर्न (पूरा गर्न) का लागि स्वास्थ्य संस्थाले स्वतन्त्र रूपमा अनुगमन गर्नका लागि निर्धारण गरिएका सूचकहरूका आधारमा निर्धारण गरिएका सजिलै प्रयोगमा ल्याउन सकिने गुणस्तर प्रमाणीकरणका आधारहरू (Certification Criteria) उपलब्ध छन् ।

- स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणको अवस्थाले स्वास्थ्य सेवा प्रदायकहरूलाई आवश्यक परेका बेलामा सेवाग्राहीलाई स्वीकार्य मापदण्ड भएको स्वास्थ्य संस्थामा प्रेषण गर्नमा मद्दत मिल्दछ ।

- स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणको अवस्थाले सेवाग्राहीलाई कुन चाहिँ स्वास्थ्य संस्था विश्वास गर्न सकिने र गुणस्तरीय किशोर किशोरी मैत्री स्वास्थ्य संस्था हो भनेर पत्ता लगाउन मद्दत मिल्दछ ।

- स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणले स्वास्थ्य संस्थालाई उनीहरूले प्रदान गर्ने सेवाको प्रकृति र गुणस्तरका बारेमा सेवा ग्राहीहरूलाई जानकारी उपलब्ध गराउन र सेवाग्राहीहरूलाई आफूले प्राप्त गर्न सकिने सेवाको गुणस्तरका बारेमा सुनिश्चितता गर्न मद्दत मिल्दछ ।

- स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणले स्वास्थ्य संस्थाले आफूले प्रदान गर्ने सेवाको राष्ट्रिय मापदण्ड हासिल गर्नका लागि पूरा गर्नु पर्ने कार्यका लागि आधार रेखा (benchmark) प्रदान गर्दछ ।

- स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणले स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको सेवाले किशोर किशोरी मैत्री सेवाको राष्ट्रिय मापदण्ड पूरा गरेको भनेर मान्यता दिनका लागि स्वीकृति प्रदान गर्दछ ।

### ३. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरण सामग्री सञ्चालन (लागू) गर्ने (Implementing the Certification Tools)

किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणको सामग्रीलाई किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तरको अनुगमन गर्नका लागि प्रयोग गर्ने हो । यो अनुगमनले किशोर किशोरी मैत्री सेवाको सबै पक्षको सम्पूर्ण प्रक्रियाको आकृति (aspects) को जाँच गर्दछ । यसलाई किशोर किशोरी मैत्री सेवाको गुणस्तरको अनुगमन गरे पश्चात किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तरको अवस्थाको मात्रा निर्धारण गर्न र सेवाको गुणस्तरको अनुगमन गरेर पछि सुधार गर्नु पर्ने पक्षहरूका लागि तयार गरिएको कार्य योजना अनुसारको गुणस्तर अभिवृद्धि भए नभएको तुलना गर्नका लागि प्रयोग गर्ने

हो । यदि यसलाई सेवाको गुणस्तरको अवस्था प्रमाणीकरण गर्नका लागि प्रयोग गरिएको हो भने गुणस्तर प्रमाणीकरण सम्पन्न गरेपछि पनि यसको प्रयोग गर्नु पर्दछ ।

## ४. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरण गर्नका लागि समूह गठन गर्ने (Assembling the Certification Team)

परिवार स्वास्थ्य महाशाखाले किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणको लागि समूह (टोली) गठन गर्ने छ। किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणको लागि समूह (टोली) गठन गर्दा करिव चारदेखि पाँच जनाको एक समूह बनाउनु पर्दछ। यस्तो समूहमा किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी जिम्मेवारी सहितको कम्तिमा एक जना किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य तथा किशोर किशोरी मैत्री सेवा सम्बन्धी विज्ञ, परिवार स्वास्थ्य महाशाखाका प्रतिनिधि वा क्षेत्रीय स्वास्थ्य निर्देशनालयका किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम हेर्ने व्यक्ति (ASRH Focal Person) एक जना, जिल्ला स्वास्थ्य /जनस्वास्थ्य अधिकारी एक जना, परिवार नियोजन सुपरिवेक्षक वा जनस्वास्थ्य नर्समध्येका जिल्ला किशोर किशोरी कार्यक्रम हेर्ने व्यक्ति (Focal Person) एकजना र जिल्लामा किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्यमा कार्य गरेको गैर सरकारी संस्था (कम्तिमा जिल्ला स्तरीय) वा यस क्षेत्रमा सहयोग पुऱ्याइरहेका अन्तर राष्ट्रिय सहयोगी संस्थाबाट एक जना हुनु पर्ने छ। यो समूह सेवाको गुणस्तर अनुगमन र प्रमाणीकरण गरिने स्वास्थ्य संस्थाबाट पूर्ण रूपमा स्वतन्त्र हुनु पर्ने छ (अनुगमन समूहमा अनुगमन गरिने स्वास्थ्य संस्थाका कुनै पनि कर्मचारी समावेश हुनु नहुने)। यो अनुगमन समूहको नेतृत्व गर्ने व्यक्तिले प्रमाणीकरणसँग सम्बन्धित कार्यहरू/ जिम्मेवारीहरू सहज रूपमा सम्पन्न हुने र समूहमा सम्मिलित सदस्यहरू/व्यक्तिहरूले कार्य सम्पन्न गर्नका लागि आवश्यकता अनुसारको समय दिन सक्ने छन् भन्ने कुराको सुनिश्चितता गर्नु पर्ने छ।

## ५. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरण प्रक्रिया सञ्चालन (Carring Out the Certification Process )

किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणको लागि तयार भएको समूहलाई प्रमाणीकरण कार्यको प्रकृति, यसका लागि आवश्यक पर्ने समय, किशोर किशोरी मैत्री सेवाको प्रमाणीकरणको प्रक्रिया लगायतका निम्न कार्यहरूका बारेमा जानकारी हुनु पर्दछ :

क. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरण परिवार स्वास्थ्य महाशाखाले जिल्ला गुणस्तर सुनिश्चितता कार्य समितिको प्रतिवेदनका आधारमा माथि ४ मा उल्लिखित टोलीबाट सम्पन्न गर्ने छ। यसका लागि अस्पताल र स्वास्थ्य संस्था (प्रा. स्वा. के तथा स्वास्थ्य चौकी) हरूको गुणस्तर सुधार स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखा अन्तर्गतका अस्पताल गुणस्तर सुधार समिति र स्वास्थ्य संस्था गुणस्तर सुधार टोलीहरूले आ-आफ्ना स्वास्थ्य संस्थाहरूमा नियमित रूपमा यस सामग्रीमा समावेश गरिएको गुणस्तर अनुगमन सामग्री (Quality Improvement Tool) को प्रयोग गरेर सुधार गरिरहने छन्। अस्पताल तथा अन्य स्वास्थ्य संस्थाहरूको गुणस्तर सुधारबाट प्राप्त अङ्कको आधारमा अस्पताल तथा स्वास्थ्य संस्थाहरूले जिल्ला गुणस्तर सुनिश्चितता समितिलाई गुणस्तर प्रमाणीकरणको प्रक्रियाका लागि अनुरोध गर्ने छन्। अस्पताल तथा स्वास्थ्य संस्था गुणस्तर सुधार समितिका प्रतिवेदनका आधारमा जिल्ला गुणस्तर सुनिश्चितता समितिले अस्पताल तथा स्वास्थ्य संस्थाहरूको गुणस्तर अनुगमन गर्ने छ र त्यसबाट प्राप्त नतिजा (अङ्क) का आधारमा जिल्ला गुणस्तर सुनिश्चितता समितिले गुणस्तर प्रमाणिकरणको प्रक्रियाका लागि परिवार स्वास्थ्य महाशाखालाई प्रतिवेदन सहित अनुरोध गरेपछि परिवार स्वास्थ्य महाशाखाले प्रमाणीकरणको प्रक्रिया सम्पन्न गर्ने छ।

ख. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणका लागि स्वास्थ्य संस्थामा जाने दिनका लागि आवश्यक तयारी हुनु पर्दछ। स्वास्थ्य संस्थाको अनुगमनको कार्य अनुगमनका बेलामा सेवाग्राही किशोर किशोरीहरू अन्तरवार्ता (exit interview) का लागि उपलब्ध हुन सक्ने वा नसक्ने अवस्थाका आधारमा एक वा दुई दिनसम्म लाग्न सक्ने छ। यसका अतिरिक्त स्वास्थ्य संस्थाको अनुगमन गर्दा गरिने अवलोकन र स्वास्थ्य संस्था प्रमुख र २ वा सोभन्दा बढी स्वास्थ्यकर्मीहरूसँगको अन्तरवार्ता (अधिकतम ५ जना स्वास्थ्यकर्मीहरूसँगको आन्तरवार्ता), सेवाग्राही किशोर किशोरीहरूसँगको अन्तरवार्ता र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरूसँगको अन्तरवार्ता र आवश्यक परेमा गुणस्तर अभिवृद्धिका लागि कार्य योजना विकास गर्नका लागि पर्याप्त समयको व्यवस्था मिलाउनु पर्दछ। स्वास्थ्य संस्था आफैले गर्ने अवलोकन भने खास समय तालिका बिना नै पनि गर्न सकिन्छ।

ग. प्रमाणीकरणको कार्यका लागि स्वास्थ्य संस्थामा जानुभन्दा पहिले यो प्रमाणीकरण कार्यका लागि गठन भएको समूहले आवश्यक कार्य योजना बनाउने वा उक्त स्वास्थ्य संस्था पहिला नै अनुगमन भएर गुणस्तर अभिवृद्धिका लागि कार्य योजना बनिसकेको रहेछ भने उक्त स्वास्थ्य संस्थाको सेवालाई किशोर किशोरी मैत्री बनाउनका लागि के के कार्यहरू गर्नु पर्ने हो भन्ने कुराहरू थाहा पाउनका लागि उक्त कार्य योजनालाई पुनरावलोकन गर्नु पर्दछ। यसले गर्दा समूहका सदस्यहरूलाई अनुगमनका बेला ध्यान दिनु पर्ने तथा अनुसन्धान गर्नु पर्ने पक्षहरूमा केन्द्रित हुनका लागि सहयोग पुग्दछ। साथै समूहका सदस्यहरू सेवाको प्रमाणीकरणको प्रक्रियामा अनुगमन गरिने आवश्यक र सहयोगी सबै तत्वहरूसँग परिचित हुनु पर्दछ र समूहका सबै सदस्यहरू बिचमा एकै प्रकारको बुझाइ र सहमतिका लागि प्रक्रियासँग सम्बन्धित सबै परिभाषाहरू बुझ्नु पर्दछ।

## ६. अङ्क दिने र स्तर निर्धारण गर्ने
## (Scoring and Determination of Status)

आवश्यक र सहयोगी तत्त्वहरूको अङ्क यसप्रकारको हुने छ :

**प्रमाणीकरणका आधारहरूको अङ्क:**

प्रमाणीकरणका आधारहरूका सबै सूचकहरू हासिल गरेको अवस्थामा : अङ्क १
प्रमाणीकरणका आधारहरूका सूचकहरूमध्ये कुनै एक सूचक मात्र पनि हासिल गर्न नसकेको अवस्थामा : अङ्क ०

किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरणको सामग्रीमा कसरी १ वा ० अङ्क हासिल हुन्छ ?
अनुगमनका बेलामा यदि एउटा प्रमाणीकरणको आधारका सबै सूचकहरूले छ वा हो (Yes=Y) भन्ने जवाफ पाएको अवस्थामा १ अङ्क प्राप्त हुन्छ र यदि एउटा आधारका अनुगमन सूचकहरूमध्ये कुनै एक सूचकमा मात्र पनि छैन (No=N) भन्ने जवाफ आएको छ भने त्यस्तो अवस्थामा अरूमा छ वा हो (Yes=Y) भन्ने जवाफ आएको रहेछ भने ता पनि अङ्क ० पाउँदछ।

**मापदण्डहरूको अङ्क**
किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरण गर्नका लागि सेवाको राष्ट्रिय मापदण्डको अङ्क प्रतिशतमा हुने छ। यसका लागि राष्ट्रिय मापदण्ड अन्तर्गतका प्रमाणीकरणका पुरा भएका आधारहरूको सङ्ख्याका आधारमा प्रतिशत निकाल्नु पर्ने छ अर्थात १ अङ्क पाउने प्रमाणीकरण आधारहरूलाई जोडेर त्यसका आधारमा

हुन आउने प्रतिशत नै उक्त मापदण्डले हासिल गरेको अङ्क हुने छ। सबै मापदण्डहरूको जोडफल नै उक्त स्वास्थ्य संस्थाले प्राप्त गरेको अङ्क हुनेछ। तर यसरी अङ्क जोडिनका लागि प्रत्येक मापदण्डले कम्तिमा पनि ६० प्रतिशत अङ्क पाएको हुनु पर्ने छ। कुनै एउटा मात्र पनि मापदण्डले ६० प्रतिशत अङ्क पाउन नसकेको अवस्थामा सबै मापदण्डको अङ्कको योगफल ८० प्रतिशत वा सो भन्दा बढी भएको भए तापनि उक्त स्वास्थ्य संस्था प्रमाणीकरणका लागि अयोग्य हुने छ।

## ७. किशोर किशोरी मैत्री स्वास्थ्य संस्थाको प्रमाणीकरण

(Certification of AFH Facility)

यो प्रमाणीकरण सामग्रीको विकास गर्ने प्राविधिक सल्लाहकार समितिले नेपालमा किशोर किशोरी मैत्री स्वास्थ्य सेवाको प्रमाणीकरण गर्नका लागि देहाय बमोजिमको अङ्क तोकेको छ :

क. स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री सेवाको प्रमाणीकरण हुनका लागि सबै मापदण्डहरूको अङ्क योग ८० प्रतिशत हुनु पर्ने छ। प्रमाणीकरणका लागि किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा सुरु भएको कम्तिमा १ वर्षमा अनुगमन गरिने छ। तर स्वास्थ्य संस्थाहरूले गुणस्तर अभिवृद्धिका लागि भने सेवाको स्थापना कालदेखि नै अनुगमन गरिरहने छन्।

तलको तालिकाले किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरणका आधारहरू समष्टिगत रूपमा निम्नानुसार दुई तहमा प्रस्तुत गरेको छ :

**किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरणका आधारहरू अनुगमनका आधारमा प्रत्येक राष्ट्रिय मापदण्डहरूले हासिल गरेको प्रतिशत**

| राष्ट्रिय मापदण्ड (National Standards) | प्रतिशत (Percentage) |
|---|---|
| **Standard 1: Service Delivery Packages**<br>The specified package of health services, that adolescents need, should be provided by the health service delivery points<br>**मापदण्ड १:** स्वास्थ्य संस्थाबाट किशोर किशोरीहरूका आवश्यकता अनुसारका विशेष सेवाहरू प्रदान गर्नु पर्दछ (सेवासम्बन्धी प्याकेज) | ......... |
| **Standard 2: Organising Effective Services**<br>Health service delivery points should provide effective health services to adolescents and youth<br>**मापदण्ड २:** स्वास्थ्य सेवा प्रदायकहरूले किशोर किशोरीहरूको लागि प्रभावकारी सेवा प्रदान गर्नु पर्ने छ (प्रभावकारी सेवाको व्यवस्थापन गर्नु) | ......... |
| **Standard 3: Conducive Environment at Health Facilities**<br>Adolescents and youths should find the environment at health facilities conducive to seek services<br>**मापदण्ड ३:** किशोर किशोरीहरूले सेवा उपयोग गर्नको लागि स्वास्थ्य संस्थामा उपयुक्त वातावरण पाउनु पर्ने छ (स्वास्थ्य संस्थामा अनुकूल वातावरण) | ......... |
| **Standard 4: Capacity Building of Service Providers**<br>Service providers should be capable to address the needs of adolescents and are motivated to work with them | ......... |

| | |
|---|---|
| **मापदण्ड ४:** सेवा प्रदायकहरू किशोर किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी आवश्यकतालाई सम्बोधन गर्न सक्षम हुनु पर्ने छ र उनीहरूसँग काम गर्नका लागि उत्प्रेरित हुनु पर्दछ (सेवा प्रदायकको क्षमता अभिवृद्धि) | |
| **Standard 5: Building Enabling Environment**<br>An enabling community environment exists for adolescents and youth to seek the health services they need<br>**मापदण्ड ५:** समुदायको वातावरण किशोर किशोरीहरूले आफूलाई यौन तथा प्रजनन स्वास्थ्य सेवाको आवश्यकता परेको समयमा सजिलै सेवा लिन जान सक्ने खालको हुनु पर्ने छ (अनुकूल वातावरणको सिर्जना) | ......... |
| **Standard 6: Communication with Adolescents**<br>Adolescents are well informed about the availability of good quality health services from the service delivery points<br>**मापदण्ड ६:** किशोर किशोरीहरूलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवाहरू उपलब्ध हुन्छन् भन्ने कुराको जानकारी गराइएको हुनु पर्ने छ (किशोर किशोरीहरूसँग सञ्चार): | ......... |
| **Standard 7: Skills for Health**<br>Adolescents and youth should be provided with skills-based sexual and reproductive health education<br>**मापदण्ड ७:** किशोर किशोरीहरूलाई सिपमा आधारित यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी शिक्षा दिनु पर्दछ (स्वास्थ्यका लागि सिप) | ......... |
| **Standard 8: Rights of adolescents**<br>Adolescents and youth enjoy their sexual and reproductive rights<br>**मापदण्ड ८:** किशोर किशोरीहरूले आफ्नो यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको उपयोग गरेको हुनु पर्ने छ | ......... |
| **Standard 9: Health Management Systems**<br>Health management systems are in place to improve and sustain the quality of health services<br>**मापदण्ड ९:** स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा दिगोपन कायम गर्नको लागि स्वास्थ्य व्यवस्थापन प्रणाली (सक्रिय) हुनु पर्ने छ। | ......... |
| **Percentage (cumulative percentage of national health standards) of standards met by health facility (sum of total percent÷9)**<br>**स्वास्थ्य संस्थाले हासिल गरेको राष्ट्रिय मापदण्डको प्रतिशत (कुल मापदण्डको प्रतिशतको जोडफल÷९)** | ..................... |

| | | |
|---|---|---|
| **Interview with trained AFS service provider conducted***<br>**तालिम प्राप्त किशोर किशोरी मैत्री स्वास्थ्य सेवाका स्वास्थ्यकर्मीहरूसँग अन्तरवार्ता गरियो ***  | Y | N |
| **Client exit interview conducted***<br>**सेवाग्राही किशोर किशोरीहरूसँग अन्तरवार्ता गरियो *** | Y | N |
| **Interview with HFOMC member conducted***<br>**स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरूसँग अन्तरवार्ता गरियो** | Y | N |

| * | | |
|---|---|---|
| **Facility observation performed***<br>**स्वास्थ्य संस्थाको अवलोकन गरियो ***| Y | N |

* **अनिवार्य** (Mandatory)

**८. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरणका आधारहरूको अनुगमन अङ्क तालिका–सारांश फाराम**
**(Certification Criteria Assessment Score Matrix)**

| **राष्ट्रिय मापदण्डहरू (National Standsard)** | **स्वास्थ्य संस्था प्रमाणीकरणका आधारहरू (Facility Certification Criteria)** | **अङ्क (०/१) Score (0/1)** | | | | **कैफीयत/ सुधारका लागि सुझावहरू (Remarks / Recommen-dations for improvem-ent)** |
|---|---|---|---|---|---|---|
| | | **त्रैमासिक** | **त्रैमासिक** | **त्रैमासिक** | **त्रैमासिक** | |
| **मापदण्ड १:** स्वास्थ्य संस्थाबाट किशोर किशोरीहरूका आवश्यकता अनुसारका विशेष सेवाहरू प्रदान गर्नु पर्दछ ( सेवासम्बन्धी प्याकेज) | १.१: स्वास्थ्य संस्थाबाट सबै किशोर किशोरीहरूलाई यौवनावस्था, सम्बन्ध, लैङ्गिकता, यौनिक परिचय, महिनावारी हुँदाको सरसफाई, पोषण, सुरक्षित यौन व्यवहार, परिवार नियोजन, सानो उमेरमा हुने गर्भधारण, लागू औषध र मादक पदार्थ लगायतका किशोर किशोरी यौन तथा प्रजनज स्वास्थ्यसम्बन्धी मनोपरामर्श दिइन्छ। | | | | | |
| | १.२ सेवाग्राही किशोर किशोरीहरूलाई परिवार नियोजन, यौन सङ्क्रमण, एचआइभी, स्वेच्छिक मनोपरामर्श तथा रक्त परीक्षण, सुरक्षित गर्भपतन, गर्भावस्थामा पूर्वप्रसुति सेवा र यौन हिंसा तथा लैगिक हिंसा लगायतका सेवाहरू पाइन्छन् भनेर जानकारी (प्रस्तुत) गराइन्छ। | | | | | |
| | १.३ स्वास्थ्य संस्थामा नभएको | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मनोपरामर्श र / वा सेवाका लागि किशोर किशोरीहरूलाई उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नका लागि लिखित प्रक्रिया छ । | | | | | |
| | १.४ स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाले सेवाग्राही किशोर /किशोरीहरूको आवश्यकता र अपेक्षा पुरा गर्दछ । | | | | | |
| | १.५ किशोर किशोरीहरूका लागि स्वास्थ्य संस्थाभन्दा बाहिर गाउँघर क्लिनिक, साथी शिक्षक तथा महिला स्वास्थ्य स्वयम् सेविकाबाट पनि उपयुक्त मनोपरामर्श र सेवा दिने गरिन्छ | | | | | |
| | **जम्मा अङ्क (Total Score)** | | | | | |
| | **प्रतिशत (जम्मा अङ्क ÷५ X१००) Percentage (total score ÷5 X 100)** | | | | | |
| | | | | | | |
| **मापदण्ड २:** स्वास्थ्य सेवा प्रदायकहरूले किशोर किशोरीहरूको लागि प्रभावकारी सेवा प्रदान गर्नु पर्ने छ ( प्रभावकारी सेवाको व्यवस्थापन गर्नु) | २.१ स्वास्थ्य संस्थामा चाहिने जति र भरपर्दो कण्डम, गर्भनिरोधका साधन तथा अन्य उपकरणहरू उपलब्ध छन् । | | | | | |
| | २.२ स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री सेवा दिनका लागि वजन लिने मेसिन लगायत अरू किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्यका सामग्रीहरू छन् । | | | | | |
| | २.३ स्वास्थ्य संस्था विद्यालय र किशोर किशोरीहरू भेला हुने अन्य स्थानहरूको नजिकमा अवस्थित छ । | | | | | |
| | २.४ स्वास्थ्य संस्था अपाङ्ग किशोर किशोरीहरूको पहुँचमा छ । | | | | | |
| | २.५ स्वास्थ्य संस्थाले हप्तामा कम्तिमा एक दिन विद्यालय खुल्ने समयभन्दा अन्य समयमा किशोर किशोरीहरूका लागि सेवा उपलब्ध गराउँछ । | | | | | |
| | २.६ किशोर किशोरीहरूका लागि | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | नि:शुल्क वा उनीहरूले सजिलै तिर्न सक्ने शुल्कमा सेवा उपलब्ध छ। | | | | | |
| | २.७ सबै किशोर किशोरीहरूलाई नाम दर्ता गर्ने ठाउँमा नै किशोर किशोरी मैत्री सेवाका बारेमा जानकारी दिइन्छ र उनीहरूलाई उनीहरूले जे सुकै समस्या लिएर आएका भए तापनि सघन मनोपरामर्श र सेवा दिइन्छ। | | | | | |
| | **जम्मा अङ्क (Total Score)** | | | | | |
| | **प्रतिशत (जम्मा अङ्क ÷७ X१००) Percentage (total score ÷7 X 100)** | | | | | |
| | | | | | | |
| **मापदण्ड ३:** किशोर किशोरीहरूले सेवा उपयोग गर्नको लागि स्वास्थ्य संस्थामा उपयुक्त वातावरण पाउनु पर्ने छ ( स्वास्थ्य संस्थामा अनुकूल वातावरण) | ३.१ स्वास्थ्य संस्थामा श्रव्य दृश्य (देख्ने र सुन्ने) गोप्यता कायम गरिन्छ (स्वास्थ्य संस्थामा किशोर किशोरीहरूले सेवा लिदाखेरी अरूले सुन्न र देख्न नसक्ने व्यवस्था गरिएको छ )। | | | | | |
| | ३.२ स्वास्थ्य संस्थामा सफा पिउने पानी, सफा चर्पी लगायत सफा र स्वच्छ वातावरण छ। | | | | | |
| | ३.३ स्वास्थ्य संस्थामा सेवा लिन आएका किशोर किशोरीहरूका लागि पालो आउँदासम्म पर्खनका लागि बस्ने सजिलो/सहज ठाउँ छ। | | | | | |
| | ३.४ सेवाग्राही किशोर किशोरीहरूका लागि पर्खने समय छोटो र ग्राह्य छ। | | | | | |
| | **जम्मा अङ्क (Total Score)** | | | | | |
| | **प्रतिशत (जम्मा अङ्क ÷४ X१००) Percentage (total score ÷4 X 100)** | | | | | |
| | | | | | | |
| **मापदण्ड ४:** सेवा प्रदायकहरू किशोर | ४.१ सहयोगी कर्मचारी लगायत सबै कर्मचारीहरूले किशोर किशोरी मैत्री सेवाका बारेमा अभिमुखीकरण पाएका छन्। | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी आवश्यकताला ई सम्बोधन गर्न सक्षम हुनु पर्ने छ र उनीहरूसँग काम गर्नका लागि उत्प्रेरित हुनु पर्दछ ( सेवा प्रदायकको क्षमता अभिवृद्धि) | ४.२ स्वास्थ्य संस्थाका प्रमुख लगायत कम्तिमा एकजना पुरुष र एक जना महिला स्वास्थ्यकर्मीले किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी ५ दिने किशोर किशोरी मैत्री सेवा दिने सिपको तालिम पाएका छन् । | | | | | |
| | ४.३ स्वास्थ्यकर्मीहरूले कुनै पूर्वाग्रह बिना किशोर किशोरीहरूका चासो तथा आवश्यकताहरूप्रति आदरभाव देखाउँछन् । | | | | | |
| | ४.४ स्वास्थ्यकर्मीहरूले किशोरावस्थाको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी फ्लिपचार्ट वा अन्य कुनै मनोपरामर्शका सामग्रीको प्रयोग गरेर किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी सही मनोपरामर्श दिन्छन् । | | | | | |
| | ४.५ स्वास्थ्यकर्मीहरूले किशोरावस्था जव एड र अन्य उपयुक्त निर्देशिका (यौन सङ्क्रमण व्यवस्थापन निर्देशिका, प्रजनन स्वास्थ्य निर्देशिका (प्रोटोकल), राष्ट्रिय चिकित्सा मापदण्ड १, २ र राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिकाहरूको प्रयोग गरेर किशोर किशोरीहरूका समस्याहरूको जाँचपडताल र व्यवस्थापन गर्दछन् । | | | | | |
| | ४.६ स्वास्थ्यकर्मीहरूले सेवाग्राही किशोर किशोरीहरूका लागि यथेष्ट समय दिन्छन् र प्रभावकारी सञ्चारको सिप प्रदर्शन गर्दछन् । | | | | | |
| | **जम्मा अङ्क (Total Score)** | | | | | |
| | **प्रतिशत (जम्मा अङ्क ÷६ X१००) Percentage (total score ÷6 X 100)** | | | | | |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **मापदण्ड ५:** समुदायको वातावरण किशोर किशोरीहरूले आफूलाई यौन तथा प्रजनन स्वास्थ्य सेवाको आवश्यकता परेको समयमा सजिलै सेवा लिन जान सक्ने खालको हुनु पर्ने छ ( अनुकूल वातावरणको सिर्जना) | ५.१ स्वास्थ्य स्वयम् सेविका, शिक्षक र स्थानीय समुदायका सरोकारवालाहरू लगायत स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरूले राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका सम्बन्धमा अभिमुखीकरण पाएका छन् । | | | | | |
| | ५.२ गाउँ विकास समितिलाई किशोर किशोरी मैत्री सेवाका बारेमा जानकारी गराइएको छ र गा. वि. स. किशोर किशोरी मैत्री सेवाका लागि सहयोगी छ । | | | | | |
| | ५.३ स्वास्थ्य संस्थाले विगत ६ महिनामा कम्तिमा एक पटक अविभावक र अन्य सरोकारवालाहरूलाई लक्षियत गरेर किशोर किशोरी मैत्री सेवाका बारेमा जन चेतनामुलक गतिविधि सञ्चालन गरेको छ । | | | | | |
| | **जम्मा अङ्क (Total Score)** | | | | | |
| | **प्रतिशत (जम्मा अङ्क ÷३ X१००)**<br>**Percentage (total score ÷3 X 100)** | | | | | |
| | | | | | | |
| **मापदण्ड ६:** किशोर किशोरीहरूलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवाहरू उपलब्ध हुन्छन् भन्ने कुराको जानकारी गराइएको हुनु पर्ने छ (किशोर किशोरीहरूसँग सञ्चार): | ६.१ स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री सेवाको प्रतिक (चिन्ह) स्पष्टसँग देखाइएको ( टाँगिएको) छ । | | | | | |
| | ६.२ स्वास्थ्य संस्थामा सेवा उपलब्ध हुने समयको विस्तृत जानकारी सहितको किशोर किशोरी मैत्री सेवाको बोर्ड स्पष्ट देखिने गरेर लगाइएको छ । | | | | | |
| | ६.३ विगत ६ महिनामा कम्तिमा एक पटक किशोर किशोरीहरूको लागि काम गर्ने विद्यालय, साथी शिक्षक, युवा क्लव, बाल क्लव र अन्य संस्थाहरू मार्फत किशोर किशोरी मैत्री सेवाको प्रवर्द्धन गरिएको छ । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **जम्मा अङ्क (Total Score)** | | | | | |
| | **प्रतिशत (जम्मा अङ्क ÷३ X१००)** **Percentage (total score ÷3 X 100)** | | | | | |
| | | | | | | |
| **मापदण्ड ७:** किशोर किशोरीहरूलाई सीपमा आधारित यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी शिक्षा दिनु पर्दछ (स्वास्थ्यका लागि सीप) | ७.१ स्वास्थ्य संस्थामा सेवाका लागि पर्खेर बस्ने ठाउँमा राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा सञ्चार केन्द्रले उपलब्ध गराएका किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी ८ वटा पुस्तिकाहरू प्रदर्शन गरिएको छ। | | | | | |
| | ७.२ स्वास्थ्य संस्थाको साथी शिक्षक र विद्यालयसँग स्पष्ट सम्बन्ध स्थापित छ। | | | | | |
| | ७.३ स्वास्थ्य संस्थाको विद्यालय र किशोर किशोरीहरूका लागि जीवनोपयोगी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने संस्थाहरू (जस्तैः महिला तथा बालबालिका कार्यालयले सञ्चालन गरेका किशोरी विकास कार्यक्रम) सँग स्पष्ट समन्वय छ। | | | | | |
| | **जम्मा अङ्क (Total Score)** | | | | | |
| | **प्रतिशत (जम्मा अङ्क ÷३ X१००)** **Percentage (total score ÷3 X 100)** | | | | | |
| | | | | | | |
| **मापदण्ड ८:** किशोर किशोरीहरूले आफ्नो यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी अधिकारको उपयोग गरेको हुनु पर्ने छ | ८.१ स्वास्थ्य संस्थाले किशोर किशोरीहरूका समस्याहरू र उनीहरूलाई दिइएको मनोपरामर्श र सेवाको गोपनीयताको सुनिश्चितता गर्दछ। | | | | | |
| | ८.२ स्वास्थ्य संस्थाले सेवाग्राही किशोर किशारीहरूसँग सु-सूचित भई लिएको स्वीकृति/सहमतिको गोपनीयताको सुनिश्चितता गर्दछ। | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ८.३ सेवाग्राही किशोर किशोरीहरूलाई उनीहरूका अविभावकको उपस्थिति बिना नै स्वास्थ्यकर्मीहरूसँग एक्लै भेट्ने मौका दिइन्छ । | | | | | |
| | ८.४ स्वास्थ्य संस्थामा किशोर र किशोरीहरूलाई समान व्यवहार गरिन्छ । | | | | | |
| | ८.५ स्वास्थ्य संस्थामा अविवाहित किशोर र किशोरीहरूलाई कुनै पूर्वाग्रह विना स्वागत र सेवा दिइन्छ । | | | | | |
| | ८.६ समलिङ्गी वा तेश्रो लिङ्गी किशोर किशोरीहरूलाई विना पूर्वाग्रह स्वागत र सेवा गरिन्छ । | | | | | |
| | ८.७ स्वास्थ्य संस्थाको नागरिक बडा-पत्रमा किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य र किशोर किशोरी मैत्री स्वास्थ्य सेवा समावेश गरिएको छ र देखिने गरेर स्वास्थ्य संस्थामा लगाइएको छ । | | | | | |
| | **जम्मा अङ्क (Total Score)** | | | | | |
| | **प्रतिशत (जम्मा अङ्क ÷७ X१००)**<br>**Percentage (total score ÷7 X 100)** | | | | | |
| | | | | | | |
| **मापदण्ड ९:** गुणस्तरीय स्वास्थ्य सेवाको वृद्धि तथा दिगोपन कायम गर्नको लागि स्वास्थ्य व्यवस्थापन प्रणाली ( सक्रिय) हुनु पर्ने छ | ९.१ स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा कम्तिमा एक जना किशोर र एक जना किशोरीलाई आमन्त्रित सदस्यका रूपमा समावेश गरिएको छ । | | | | | |
| | ९.२ स्वास्थ्य संस्थामा सुझाव पेटीका राखिएको छ र किशोर किशोरीहरूलाई सुझावहरु दिनका लागि उत्प्रेरित गरिन्छ । | | | | | |
| | ९.३ स्वास्थ्य संस्थामा किशोर किशोरीहरूलाई दिइएको सेवाको अभिलेख अध्यावधिक र | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रभावकारी तरिकाले राख्ने प्रणाली छ । | | | | | |
| | ९.४ स्वास्थ्य संस्थाबाट किशोर किशोरीहरूलाई दिइएको सेवाको प्रतिवेदन राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिकामा दिइएको फारामका आधारमा भरेर एचएमआईएस फारामका साथमा पेश गरिन्छ । | | | | | |
| | ९.५ स्वास्थ्य संस्था र स्वास्थ्यकर्मीहरूले नियमित रूपमा जिल्ला स्वास्थ्य / जनस्वास्थ्य कार्यालय र/अथवा किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्पर्क व्यक्तिबाट अर्धवार्षिक सुपरिवेक्षण लगायत सहयोगी सुपरिवेक्षण प्राप्त गर्दछन् । | | | | | |
| | ९.६ स्वास्थ्यकर्मीहरू स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको बैठकमा सहभागी हुन्छन् । | | | | | |
| | ९.७ स्वास्थ्य संस्थामा किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमको मासिक स्वमूल्याङ्कन फाराम/चार्ट छ । | | | | | |
| | **जम्मा अङ्क (Total Score)** | | | | | |
| | **प्रतिशत (जम्मा अङ्क ÷७ X१००)**<br>**Percentage (total score ÷7 X 100)** | | | | | |

## ९. किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरणका लागि गुणस्तर अभिवृद्धि अनुगमन

किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरणका लागि जम्मा ९ वटा राष्ट्रिय मापदण्ड अन्तर्गत जम्मा ४५ वटा प्रमाणीकरणका आधारहरू छन् । प्रमाणीकरणका प्रत्येक आधारहरू राष्ट्रिय मापदण्ड हासिल भए नभएको अवलोकन गर्न र अनुगमन गर्नका लागि निर्धारण गरिएका हुन् भने प्रमाणीकरणका लागि निर्धारण गरिएका आधारहरू पूरा भए वा नभएको अनुगमन गर्नका लागि प्रमाणीकरणका आधारहरू अनुगमन सूचकहरू निर्धारण गरिएको छ ।

किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरण सामग्रीको निरन्तर र नियमित प्रयोग र गुणस्तर अभिवृद्धि प्रक्रियाको सञ्चालनले उच्च गुणस्तरको किशोर किशोरी मैत्री स्वास्थ्य सेवा सञ्चालन गर्न र सेवा कायम राख्न सकिने छ । यो सामग्री गुणस्तरीय किशोर किशोरी मैत्री स्वास्थ्य सेवा प्रदान गर्ने समग्र प्रक्रियाका अंश(भाग) हो ।

किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरणको यो सामग्री स्वास्थ्य संस्थाबाट प्रदान गरिने खास सेवाको अवलोकन गरेर राष्ट्रिय मापदण्डका बारेमा तथ्याङ्क सङ्कलन गर्नका लागि प्रयोग गर्ने हो । यो सामग्रीको प्रयोग गरेर स्वास्थ्य संस्थाको अवलोकन, स्वास्थ्यकर्मीहरूसँगको अन्तरवार्ता, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरूसँगको अन्तरवार्ता र सेवाग्राही किशोर किशोरीहरूसँगको अन्तरवार्ता सम्पन्न गरेर यो फाराम (matrix) पूरा गर्नुहोस् ।

किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाका राष्ट्रिय मापदण्डहरूका खास आधारहरू सम्बन्धी तथ्याङ्क सङ्कलन गर्नका लागि निम्नानुसारका गतिविधिहरू (सबै अनिवार्य) सम्पन्न गर्नुहोस् :

- **स्वास्थ्य संस्थाको अवलोकन :** स्वास्थ्य संस्थामा यसको बनावट, प्रणाली, प्रक्रियाहरू, औजारहरू, सरसफाइ र उपलब्ध सेवाहरूको अवलोकन गर्नुहोस् । यो अवलोकन स्वास्थ्य संस्थाका प्रमुखका साथमा गर्नुहोस् (१)

- **स्वास्थ्यकर्मीहरूसँग अन्तरवार्ता :** स्वास्थ्य संस्थाबाट किशोर किशोरीहरूलाई प्रदान गरिने जानकारी र मनोपरामर्शका विषयहरू, सेवा प्रदान गरिने प्रक्रियाहरू, प्रणाली र नीतिहरूका बारेमा तथ्याङ्क हासिल गर्नका लागि स्वास्थ्यकर्मीहरूसँग अन्तरवार्ता गर्नुहोस् । यो अन्तरवार्ता किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवा सम्बन्धी तालिम प्राप्त स्वास्थ्यकर्मीहरू (५ जनाभन्दा कम भएमा २-३ जनासँग र ५ जनाभन्दा बढी स्वास्थ्यकर्मीहरू भएको स्वास्थ्य संस्था भएमा बढीमा ५ जनासँग) अन्तरवार्ता गर्नुहोस् ।

- **स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरूसँग अन्तरवार्ता :** स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा किशोर किशोरीहरूलाई समावेश गराउने नीति तथा प्रक्रियाका बारेमा तथा किशोर किशोरी मैत्री स्वास्थ्य सेवाका सम्बन्धमा समुदायको सहयोगका जानकारी तथा तथ्याङ्क लिनका लागि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका १–२ जना सदस्यहरूसँग अन्तरवार्ता लिनुहोस् ।
- **सेवाग्राही किशोर किशोरहरूसँग अन्तरवार्ता :** स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाको बारेमा र सेवाबाट भएको सन्तुष्टिका बारेमा जानकारी तथा तथ्याङ्क लिनका लागि सेवा लिएर बाहिरिँदै गरेका २ जना किशोर र २ जना किशोरीहरूसँग अन्तरवार्ता लिनुहोस् (किशोर किशोरीहरूसँगको अन्तरवार्ताका लागि निर्धारित फाराम) ।
- **सेवाको अभिलेखको अवलोकन :** स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाको प्रयोग कस्तो छ भन्ने र खास खास (अनुगमन सामग्रीमा उल्लेखित) सेवाहरूको अभिलेख छ वा छैन भन्ने जानकारी तथा तथ्याङ्कका लागि सेवा आभिलेखको अवलोकन गर्नुहोस् ।

प्रमाणीकरणका लागि निर्धारण गरिएका प्रत्येक आधारहरूका प्रत्येक अनुगमन सूचकहरू सम्पन्न गर्नुहोस् । अति नै जरुरी नभएसम्म “लागू नहुने” (not applicable= NA) भन्ने उल्लेख नगर्नुहोस् । यदि एक जनाभन्दा बढी स्वास्थ्यकर्मी वा सेवाग्राही किशोर किशोरीहरूसँग अन्तरवार्ता लिइएको छ भने सबै “छ” वा “छैन” भन्ने जवाफहरू जम्मा गर्नुहोस् र समूहका सबै सदस्यहरू बसेर विवेकसम्मत निर्णय गरेर अन्तिम जवाफ (“छ” वा

"छैन") लेख्नुहोस् । उदाहरणका लागि यदि धेरैजसो सूचकहरूमा "छ" भन्ने जवाफ आएको छ भने "छ" भनेर जनाउनुहोस् । उपयुक्त ठाउँमा तपाईंको पृष्ठपोषण वा टिप्पणीहरू लेख्नुहोस् ।

## १०. प्रत्येक अनुगमन सामग्री र सङ्क्षिप्त फारम पूरा गर्नका लागि निर्देशन :

१. स्वास्थ्य संस्थाको अवलोकन, स्वास्थ्यकर्मी, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरू र सेवाग्राही किशोर किशोरीहरूसँगको अन्तरवार्ता गर्दा प्रत्येक सूचकका अगाडि "छ" वा "हो" ("Y" for Yes or "N" for No) र सम्बन्धित सूचक त्यो स्वास्थ्य संस्थाका लागि लागू नहुने रहेछ भने "लागू नहुने" (not applicable= NA) भन्ने उल्लेख नगर्नुहोस् । उपयुक्त ठाउँमा अवलोकनका बेलाको तपाईंको पृष्ठपोषण वा टिप्पणीहरू लेख्नुहोस् ।

२.प्रमाणीकरणका आधारहरू र मापदण्डको अङ्कः

प्रमाणीकरणका आधारहरूको अङ्क

प्रमाणीकरणका आधारहरूका सबै सूचकहरू हासिल गरेको अवस्थामा : अङ्क १
प्रमाणीकरणका आधारहरूका सूचकहरूमध्ये कुनै एक सूचक मात्र पनि हासिल गर्न नसकेको अवस्थामा : अङ्क ०

किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरणको सामग्रीमा कसरी १ वा ० अङ्क हासिल हुन्छ ?
अनुगमनका बेलामा यदि एउटा प्रमाणीकरणको आधारका सबै सूचकहरूले छ वा हो (Yes=Y) भन्ने जवाफ पाएको अवस्थामा १ अङ्क प्राप्त हुन्छ र यदि एउटा आधारका अनुगमन सूचकहरूमध्ये कुनै एक सूचकमा मात्र पनि छैन (No=N) भन्ने जवाफ आएको छ भने त्यस्तो अवस्थामा अरूमा छ वा हो (Yes=Y) भन्ने जवाफ आएको रहेछ भने ता पनि अङ्क ० पाउँदछ ।

मापदण्डको अङ्क

किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरण गर्नका लागि सेवाको राष्ट्रिय मापदण्डको अङ्क प्रतिशतमा हुने छ । यसका लागि राष्ट्रिय मापदण्ड अन्तर्गतका प्रमाणीकरणका पूरा भएका आधारहरूको सङ्ख्याका आधारमा प्रतिशत निकाल्नु पर्ने छ अर्थात १ अङ्क पाउने आधारहरूलाई जोडेर कुल आधारहरूले भाग गरी आएको भागफललाई १०० ले गुणन गर्दा हुन आउने अङ्क (प्रतिशत) नै उक्त मापदण्डले हासिल गरेको अङ्क हुने छ। सबै मापदण्डहरूको जोडफललाई ९ ले भाग गर्दा हुन आउने अङ्क नै उक्त स्वास्थ्य संस्थाले प्राप्त गरेको अङ्क हुने छ। तर गणना हुनका लागि प्रत्येक मापदण्डले कम्तिमा पनि ६० प्रतिशत अङ्क हासिल गरेको हुनै पर्दछ ।

प्रमाणीकरणका प्रत्येक अधारहरूका अङ्कहरू यसप्रकार हुन्छन् :

क. यदि तपाईंले अनुगमन गर्दा कुनै एउटा प्रमाणीकरण आधारका अनुगमन सूचकहरूमा "छ" वा "हो" भन्ने जवाफ पाउनु भएको छ भने यो प्रमाणीकरणको आधार पूरा भएको छ। त्यसैले यो प्रमाणीकरण आधारहलाई १ अङ्क प्रदान गर्नुहोस् ।

ख. यदि प्रमाणीकरण आधारहरू मध्येका कुनै सूचकहरू पूरा भएका छैनन् भने त्यो प्रमाणीकरण आधार पूरा भएको छैन । किनभने निर्धारित प्रमाणीकरण आधारहरू गुणस्तरका लागि न्यूनतम आधारहरू हुन्, त्यसैले मापदण्डमा गणना हुनका लागि सबै प्रमाणीकरण आधारहरूले कम्तिमा पनि ६० प्रतिशत अङ्क हासिल गर्नै पर्ने छ । ६० प्रतिशत भन्दा कम अङ्क हासिल गरेको प्रमाणीकरणको आधारको अङ्क मापदण्डको अङ्कमा जोडिने छैन । यस्तो अवस्थामा माथि भनिए झैं अन्य सबै मापदण्डहरूको अङ्कको योग ८० प्रतिशत वा सो भन्दा बढी भए तापनि स्वास्थ्य संस्था गुणस्तर प्रमाणीकरण हुन अयोग्य हुने छ ।

३. प्रत्येक मापदण्डको अङ्क र यसको प्रतिशत गणना गर्नका लागि गुणस्तर अभिवृद्धि सामग्रीमा प्रत्येक मापदण्डको अन्त्यमा तालिका बनाइएको छ त्यसलाई प्रयोग गरेर अङ्क गणना गर्नुहोस् ।

४. प्रत्येक मापदण्डको अङ्कहरूलाई सारांश फारामको उपयुक्त कोठामा उल्लेख गर्नुहोस् । सबै मापदण्डहरूको प्रतिशतको जोडफललाई मापदण्डहरूको जम्मा सङ्ख्याले भाग गर्नुहोस् । यसरी प्राप्त भएको सङ्ख्या नै उक्त स्वास्थ्य संस्थाले प्राप्त गरेको अङ्कको प्रतिशत हो । उदाहरणका लागि कुनै स्वास्थ्य संस्थाले सबै मापदण्डमा ६० प्रतिशत भन्दा बढी पाएको अवस्थामा सबै प्रतिशतलाई जोड्नुहोस् र त्यो जोडफललाई मापदण्डको जम्मा सङ्ख्या (९) ले भाग गर्नुहोस् (जस्तै १००+८०+६०+७०+१००+१००+१००+८०+९०÷**९**) । अर्थात ७८०÷९ = ८६.६६**%** । यो प्रतिशतको आधारमा यसै सामग्रीमा निर्देशन गरेबमोजिम स्वास्थ्य संस्थाको स्तर निर्धारण गर्नुहोस् । यसमा समावेश गरिएको सारांश फरामले समय समयमा भएको प्रगतिलाई निर्धारण गर्दछ ।

५. स्वास्थ्य संस्थाले हासिल गरेको अङ्क हेर्नका लागि यस सामग्रीको पाना (Page) १८ मा दिइएको नमुना सारांश फाराम हेर्नुहोस् ।

६. सबै सामग्रीहरू (Tools) र सारांश फाराम (summary form) पूरा गरिसकेपछि कार्य योजनाको भागमा दिइएका निर्देशनहरू र नमुना कार्य योजना हेर्नुहोस् । राष्ट्रिय मापदण्डका "छैन" भन्ने जवाफ आएका प्रत्येक प्रमाणीकरण आधारहरूका लागि भविष्यमा कसरी ती आधारहरू पूरा गरिने छन् र मापदण्ड पूरा हुने छन् भनेर कार्य योजना तयार गर्नुहोस् । पूरा नभएका आधारहरू (criteria not met) पूरा नहुनुका पछाडिका कारणहरूका बारेमा भर पर्दा विचारहरू (careful thought) दिनुहोस् । स्वास्थ्य संस्थाका कर्मचारीहरूले यो कार्यको समूहमा सङ्लग्न भएर किशोर किशोरी मैत्री सेवाको गुणस्तर अभिवृद्धिका लागि काम गर्न सक्दछन् ।

**११. किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सेवाको गुणस्तर प्रमाणीकरणका लागि गरिने अनुगमन सामग्रीको नमुना**

| | |
|---|---|
| **स्वास्थ्य संस्थाको नामः**<br><br>**ठेगानाः** | **नौबिसे स्वास्थ्य चौकी**<br><br>**नौबिसे, धादिङ्ग** |
| **अनुगमन गरेको मिति :** | |
| **अवलोकन कर्ता :** | |

**अङ्कः छ/हो *(Yes= Y)*, छैन *(No=N)*, लागू नहुने *(Not Applicable=NA)***

| **राष्ट्रिय मापदण्डहरू** | **स्वास्थ्य संस्था प्रमाणीकरणका आधारहरू** | **पुष्टि गर्ने स्रोतहरू/ तथ्याङ्कका स्रोतहरू** | **मूल्याङ्कन सूचकहरू** | **जवाफ/उत्तर छ (हो)/छैन/लागू नहुने** | | **टिप्पणीहरू/ पृष्ठपोषणहरू** |
|---|---|---|---|---|---|---|
| | | | | **स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र** | **जिल्ला अस्पताल वा सो भन्दा माथि** | |
| मापदण्ड १: स्वास्थ्य संस्थाबाट किशोर किशोरी हरूका आवश्यकता अनुसारका विशेष सेवाहरू प्रदान गर्नु पर्दछ ( सेवासम्बन्धी प्याकेज) | 1.1: स्वास्थ्य संस्थाबाट सबै किशोर किशोरी हरूलाई यौवनावस्था, सम्बन्ध, लैङ्गिकता, यौनिक परिचय, महिनावारी हुँदाको सरसफाइ, पोषण, सुरक्षित यौन व्यवहार, परिवार नियोजन, सानो | स्वास्थ्य संस्थाको अवलोकन/ स्वास्थ्य कर्मीसँग अन्तरवार्ता | स्वास्थ्य संस्थाबाट सबै किशोर किशोरीहरूलाई निम्न अवस्थाहरूमा शिक्षा र मनोपरामर्श दिइन्छ : यौवनावस्था/किशोरावस्थामा हुने परिवर्तनहरू | छ | | |
| | | | स्वस्थ सम्बन्ध र यौनिकता | छ | | |
| | | | यौन हिंसा तथा लैङ्गिक हिंसा, बलात्कार र यी घटना भएमा कहिले र कहाँबाट सहयोग र सेवा लिने भन्ने बारे | छ | | |
| | | | दोहोरो सुरक्षाको लागि कण्डमको प्रयोग र सुरक्षित यौन व्यवहार | छ | | |
| | | | परिवार नियोजन र | छ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | उमेरमा हुने गर्भधारण, लागू औषध र मादक पदार्थ लगायतका किशोर किशोरी यौन तथा प्रजनज स्वास्थ्य सम्बन्धी मनोपरामर्श दिइन्छ । | | सानो उमेरमा विवाह गरेमा त्यसबाट पर्ने नकारात्मक असरहरू | | | |
| | | | महिनावारी हुँदाको सरसफाइ, मातृ शिशु स्वास्थ्य: जस्तै गर्भधारण र गर्भपतन | छ | | |
| | | | यौन सङ्क्रमण र एचआइभी सङ्क्रमण र रोकथाम | छ | | |
| | | | किशोरावस्थामा हुने गर्भधारण र यसबाट पर्ने नकारात्मक असरहरू /सानो उमेरमा हुने विवाह र यसका नकारात्मक असरहरू | छ | | |
| | | | पोषण | | | |
| | | | मादक पदार्थ र सूर्तिजन्य पदार्थको सेवन | छ | | |
| | | | लागू पदार्थको दुर्व्यसनले हुने नकारात्मक असरहरू | छ | | |
| | अङ्क (Score) | | | १ | | |
| | 1.2: सेवाग्रही किशोर किशोरी हरूलाई परिवार नियोजन, यौन सङ्क्रमण, एचआइभी, स्वेच्छिक मनोपरामर्श तथा रक्त | स्वास्थ्य संस्थाको अवलोकन/ स्वास्थ्य कर्मीसँग अन्तरवार्ता | स्वास्थ्य संस्थाबाट किशोर किशोरीहरूलाई निम्नानुसारका सेवाहरू दिइन्छ :<br>परिवार नियोजनका साधनहरू जस्तै कण्डम, खाने चक्की, तिन महिने सूई, कपर टी, आकस्मिक गर्भनिरोधका साधन वा उपयुक्त सेवाकेन्द्रमा प्रेषण गर्ने । | छ | | |
| | | | सुरक्षित गर्भपतन र गर्भपतन पछिका | छ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | परीक्षण, सुरक्षित गर्भपतन, गर्भावस्थामा पूर्व प्रसूति सेवा र यौन हिंसा तथा लैङ्गिक हिंसा लगायतका सेवाहरू पाइन्छन् भनेर जानकारी ( प्रस्तुत) गराइन्छ । | | सेवाहरू वा प्रेषण | | | |
| | | | पूर्वप्रसूति र प्रसूति सेवा वा प्रेषण र सुत्केरी पछिका सेवाहरू | छ | | |
| | | | यौन सङ्क्रमणको निदान र व्यवस्थापन वा प्रेषण | छ | | |
| | | | स्वेच्छिक मनोपरामर्श र रक्त परीक्षण र एचआईभी सङ्क्रमणको व्यवस्थापन (वा प्रेषण) | छ | | |
| | | | यौन हिंसा र लैङ्गिक हिंसाका व्यवस्थापन (वा प्रेषण) | छ | | |
| | | | लागु पदार्थ दुरुपयोगको व्यवस्थापन सेवा | लागु नहुने | | |
| | | | सामान्य चिकित्सा सेवा | छ | | |
| | अङ्क (Score) | | | १ | | |
| | 1.3: स्वास्थ्य संस्थामा नभएको मनोपरामर्श र / वा सेवाका लागि किशोर किशोरी हरूलाई उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नका लागि लिखित प्रक्रिया छ । | स्वास्थ्य कर्मीसँग अन्तरवार्ता | स्वास्थ्यकर्मीहरूलाई आफ्नो स्वास्थ्य संस्थामा नभएको सेवाका लागि किशोर किशोरीहरूलाई कहाँ पठाउने हो भन्ने कुरा थाहा छ | छ | | |
| | | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थामा आफ्नो स्वास्थ्य संस्थामा नभएको सेवाका लागि किशोर किशोरीहरूलाई पठाउने स्वास्थ्य संस्थाहरूको सूची छ । | छ | | |
| | | | स्वास्थ्य संस्थामा आफ्नो स्वास्थ्य संस्थामा नभएको सेवाका लागि किशोर किशोरीहरूलाई प्रेषण गर्ने बारेमा स्पष्ट र | छ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | लिखित प्रक्रिया वा प्रणाली छ । | | | |
| | अङ्क (Score) | | | १ | | |
| | 1.4 स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाले सेवाग्राही किशोर किशोरी हरूको आवश्यकता र अपेक्षा पूरा गर्दछ । | सेवाग्राही किशोर किशोरीहरू सँग अन्तरवार्ता | सेवाग्राही किशोर किशोरीहरूले आफ्नो स्वास्थ्य सम्बन्धी समस्या/चासोमा आवश्यकता अनुसारको सेवा प्राप्त गरे । | छ | | |
| | | | सेवाग्राही किशोर किशोरीहरूले सधैं खास प्रकारको स्वास्थ्य पाएका छन् र यस संस्थाबाट कहिले पनि स्वास्थ्य सेवा दिन सकिँदैन भनेर भनिएको छैन । | छ/हो | | |
| | अङ्क (Score) | | | १ | | |
| | 1.5: किशोर किशोरी हरूका लागि स्वास्थ्य संस्थाभन्दा बाहिर गाउँघर क्लिनिक, साथी शिक्षक तथा महिला स्वास्थ्य स्वयम् सेविकाबाट पनि उपयुक्त मनोपरामर्श र सेवा दिने गरिन्छ | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थाबाट किशोर किशोरीहरूका लागि स्वास्थ्य संस्थाभन्दा बाहिर पनि शिक्षा र सेवा दिने गरिन्छ | छ | | |
| | | स्वास्थ्य संस्थाको अवलोकन | यस स्वास्थ्य संस्थाका महिला स्वास्थ्य स्वयम् सेविकाहरूले राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका बारेमा अभिमुखीकरण पाएका छन् । | छ | | |
| | | सेवाग्राही किशोर किशोरीहरू सँग अन्तरवार्ता | यस स्वास्थ्य संस्थाले किशोर किशोरीहरूका लागि स्वास्थ्य संस्थाभन्दा बाहिर पनि शिक्षा र सेवा दिन्छ | छ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | किशोर किशोरीले महिला स्वास्थ्य स्वयम् सेविकाबाट कुनै जानकारी वा मनोपरामर्श वा सेवा पाएका थिए । | छ | | |
| | | | किशोर किशोरीहरूका विचारमा महिला स्वास्थ्य स्वयम् सेविकाहरू र समुदायका अन्य सरोकारवालाहरूमा किशोर किशोरी मैत्री सेवाका सम्बन्धमा सकारात्मक धारणा छ । | छ | | |
| | | | स्वयम सेविकाहरूले समुदायका किशोर किशोरीहरूलाई कण्डम र पिल्स वितरण गर्दछन् । | छ | | |
| | अङ्क (Score) | | | १ | | |

* जहाँ सेवा उपलब्ध छ ।

| कूल मापदण्ड | १ | कैफीयत |
|---|---|---|
| कूल प्रमाणीकरण आधार | ५ | |
| पूरा (हासिल) भएका प्रमाणीकरण आधार | ५ | |
| मापदण्डले हासिल गरेको प्रतिशत (कूल अङ्क ÷ ५ x १००)<br>= ५÷५x१००<br>=१००% | १०० % | |

यस नमुना सामग्री (फाराम) मा यदि कुनै प्रमाणीकरण आधारले एउटा मात्र पनि “छैन” भन्ने जवाफ पाएको छ भने कूल प्रतिशत १०० भन्दा कम हुने छ ।

## १२. किशोर किशोरी मैत्री सेवाको गुणस्तर अभिबृद्धि अनुगमन सामग्री
**(Quality Improvement Assessment Tool)**

## Certification Matrix I: Quality Improvement Assessment Tool
**किशोर किशोरी मैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवाको प्रमाणीकरण सामग्री १: गुणस्तर अनुगमन सामग्री**

| | | |
|---|---|---|
| १. | स्वास्थ्य संस्थाको नाम :<br>ठेगाना र जिल्ला : | |
| २. | मिति (Assessment Date) : | |
| ३. | स्वास्थ्यकर्मीको नाम र पद : | १. |
| | | २. |
| | | ३. |
| ४. | अवलोकन कर्ताको नाम र पद : | १. |
| | | २. |
| | | ३. |

**निर्देशन :**

निम्नानुसारका विधिहरू सम्पन्न गरेर सम्पूर्ण जानकारीहरू हासिल गर्नुहोस् :

- स्वास्थ्य संस्थाका प्रमुखसँग स्वास्थ्य संस्थाको अवलोकन गर्नुहोस् : (x१)
- किशोर किशोरी मैत्री सेवाको तालिम प्राप्त स्वास्थ्यकर्मीसँग अन्तरवार्ता सामग्री (tool) (पाँच जना स्वास्थ्यकर्मीहरू भएमा सबै जनासँग र पाँच जना भन्दा बढी तालिम प्राप्त स्वास्थ्यकर्मीहरू भएमा बढीमा पाँच जनासँग अन्तरवार्ता सम्पन्न गर्नुहोस् ।
- स्वास्थ्यसंस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यसँग अन्तरवार्ता (x१)

प्रत्येक प्रमाणीकरणका आधारहरू (certification criteria) का जाँचका सूचकहरूका जवाफहरू पूरा गर्नुहोस। अति नै आवश्यक नभएसम्म लागू नहुने (not Applicable- NA) भन्ने उत्तर वा जवाफ नलेख्नुहोस्। यदि एक जनाभन्दा बढी स्वास्थ्यकर्मी वा सेवाग्राही किशोर किशोरीहरूसँग अन्तरवार्ता लिइएको छ भने सबै “छ” वा “छैन” वा “लागू नहुने” लाई सम्बन्धित सूचकको कोठामा राख्नुहोस् र अवलोकन कर्ताहरूले विवेक सम्मत हुने गरेर अन्तिम “छ” वा “छैन” वा “लागू नहुने” निर्धारण गरेर जवाफ लेख्नुहोस्। उदाहरणका लागि उक्त जवाफहरूमध्ये धेरैजसो छ भन्ने जवाफ मिलेको छ भने छ भन्ने जवाफ लेख्नुहोस्। आवश्यकता अनुसार उचित सुझावहरू, पृष्ठपोषण वा आवश्यक निर्देशनहरू लेख्नुहोस्।

| **राष्ट्रिय मापदण्डहरू** | **स्वास्थ्य संस्था प्रमाणीकरणका आधारहरू** | **पुष्टि गर्ने स्रोतहरू/ तथ्याङ्कका स्रोतहरू** | **मूल्याङ्कन सूचकहरू** | **जवाफ/उत्तर छ/छैन/लागू नहुने** | | **टिप्पणीहरू/पृष्ठपोषणहरू** |
|---|---|---|---|---|---|---|
| | | | | **स्वास्थ्यचौकी/प्राथमिक स्वास्थ्य केन्द्र** | **जिल्ला अस्पताल वा सो भन्दा माथि** | |
| मापदण्ड १: स्वास्थ्य संस्थाबाट किशोर किशोरीहरूका आवश्यकता अनुसारका विशेष सेवाहरू प्रदान गर्नु पर्दछ (सेवासम्बन्धी प्याकेज) | १.१: स्वास्थ्य संस्थाबाट सबै किशोर किशोरीहरूलाई यौवनावस्था, सम्बन्ध, लैङ्गिकता, यौनिक परिचय, महिनावारी हुँदाको सरसफाइ, पोषण, सुरक्षित यौन व्यवहार, परिवार नियोजन, सानो उमेरमा हुने गर्भधारण, | स्वास्थ्य संस्थाको अवलोकन/ स्वास्थ्य कर्मीसँग अन्तरवार्ता | स्वास्थ्य संस्थाबाट सबै किशोर किशोरीहरूलाई निम्न अवस्थाहरूमा शिक्षा र मनोपरामर्श दिइन्छ : यौवनावस्था/किशोरावस्थामा हुने परिवर्तनहरू | | | |
| | | | स्वस्थ सम्बन्ध र यौनिकता | | | |
| | | | यौन हिंसा तथा लैङ्गिक हिंसा, बलात्कार र यी घटना भएमा कहिले र कहाँबाट सहयोग र सेवा लिने भन्ने बारे | | | |
| | | | दोहोरो सुरक्षाको लागि कण्डमको प्रयोग र सुरक्षित यौन व्यवहार | | | |
| | | | परिवार नियोजन र सानो उमेरमा विवाह गरेमा त्यसबाट पर्ने नकारात्मक असरहरू | | | |
| | | | महिनावारी हुँदाको सरसफाइ, मातृ शिशु स्वास्थ्यः जस्तै | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लागू औषध र मादक पदार्थ लगायतका किशोर किशोरी यौन तथा प्रजनज स्वास्थ्यसम्बन्धी मनोपरामर्श दिइन्छ । | | गर्भधारण र गर्भपतन | | | |
| | | | यौन सङ्क्रमण र एचआइभी सङ्क्रमण र रोकथाम | | | |
| | | | किशोरववस्थामा हुने गर्भधारण र यसबाट पर्ने नकारात्मक असरहरू, सानो उमेरमा हुने विवाह र यसका नकारात्मक असरहरू | | | |
| | | | पोषण | | | |
| | | | मादक पदार्थ र सूर्तिजन्य पदार्थको सेवन | | | |
| | | | लागू पदार्थको प्रयोग गर्नाले हुने नकारात्मक असरहरू | | | |
| | **अङ्क (Score)** | | **(० वा १)** | | | |
| | १.२: सेवाग्रही किशोर किशोरीहरूलाई परिवार नियोजन, यौन सङ्क्रमण, एचआइभी, स्वेच्छिक मनोपरामर्श तथा रक्त परीक्षण, सुरक्षित गर्भपतन, गर्भावस्थामा पूर्वप्रसूति सेवा र यौन हिंसा तथा लङ्गैिक हिंसा लगायतका सेवाहरू पाइन्छन् भनेर जानकारी (प्रस्तुत) गराइन्छ । | स्वास्थ्य संस्थाको अवलोकन/ स्वास्थ्य कर्मीसँग अन्तरवार्ता | स्वास्थ्य संस्थाबाट किशोर किशोरीहरूलाई निम्नानुसारका सेवाहरू दिइन्छ :<br>परिवार नियोजनका साधनहरू जस्तै कण्डम, खाने चक्की, तिन महिने सूई, कपर टी, आकस्मिक गर्भनिरोधका साधन वा उपयुक्त सेवाकेन्द्रमा प्रेषण गर्ने । | | | |
| | | | सुरक्षित गर्भपतन र गर्भपतन पछिका सेवाहरू वा प्रेषण | | | |
| | | | पूर्वप्रसूति र प्रसूति सेवा वा प्रेषण र सुत्केरी पछिका सेवाहरू | | | |
| | | | यौन सङ्क्रमणको निदान र व्यवस्थापन वा प्रेषण | | | |
| | | | स्वेच्छिक मनोपरामर्श र रक्त परीक्षण र एचआइभी सङ्क्रमणको व्यवस्थापन (वा प्रेषण) * | | | |
| | | | यौन हिंसा र लैङ्गिक हिंसाका व्यवस्थापन (वा प्रेषण)* | | | |
| | | | लागू पदार्थ दुरुपयोगको व्यवस्थापन सेवा * | | | |
| | | | सामान्य चिकित्सा सेवा | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | १.३: स्वास्थ्य संस्थामा नभएको मनोपरामर्श र / वा सेवाका लागि किशोर किशोरीहरूलाई उपयुक्त स्वास्थ्य संस्थामा प्रेषण गर्नका लागि लिखित प्रक्रिया छ । | स्वास्थ्य कर्मीसँग अन्तरवार्ता | स्वास्थ्यकर्मीहरूलाई आफ्नो स्वास्थ्य संस्थामा नभएको सेवाका लागि किशोर किशोरीहरूलाई कहाँ पठाउने हो भन्ने कुरा थाहा छ | | | |
| | | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थामा आफ्नो स्वास्थ्य संस्थामा नभएको सेवाका लागि किशोर किशोरीहरूलाई पठाउने स्वास्थ्य संस्थाहरूको सूची छ । | | | |
| | | | स्वास्थ्य संस्थामा आफ्नो स्वास्थ्य संस्थामा नभएको सेवाका लागि किशोर किशोरीहरूलाई प्रेषण गर्ने बारेमा स्पष्ट र लिखित प्रक्रिया वा प्रणाली छ । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | १.४ स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवाले सेवाग्राही किशोर /किशोरीहरूको आवश्यकता र अपेक्षा पूरा गर्दछ । | सेवाग्राही किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview) | सेवाग्राही किशोर किशोरीहरूले आफ्नो स्वास्थ्य सम्बन्धी समस्या/चासोमा आवश्यकता अनुसारको सेवा प्राप्त गरे । | | | |
| | | | सेवाग्राही किशोर किशोरीहरूले सधैँ खास प्रकारको स्वास्थ्य सेवा पाएका छन् र यस संस्थाबाट कहिले पनि स्वास्थ्य सेवा दिन सकिँदैन भनेर भनिएको छैन । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | १.५: किशोर किशोरीहरूका लागि स्वास्थ्य संस्थाभन्दा बाहिर गाउँघर क्लिनिक, साथी शिक्षक तथा महिला स्वास्थ्य स्वयम् सेविकाबाट | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थाबाट किशोर किशोरीहरूका लागि स्वास्थ्य संस्थाभन्दा बाहिर पनि शिक्षा र सेवा दिने गरिन्छ | | | |
| | | स्वास्थ्य संस्थाको अवलोकन | यस स्वास्थ्य संस्थाका महिला स्वास्थ्य स्वयम् सेविकाहरूले राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका बारेमा अभिमुखीकरण पाएका छन् । | | | |
| | | सेवाग्राही | यस स्वास्थ्य संस्थाले किशोर किशोरीहरूका लागि | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पनि उपयुक्त मनोपरामर्श र सेवा दिने गरिन्छ | किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview) | स्वास्थ्य संस्थाभन्दा बाहिर पनि शिक्षा र सेवा दिन्छ | | | |
| | | | किशोर किशोरीले महिला स्वास्थ्य स्वयम् सेविकाबाट कुनै जानकारी वा मनोपरामर्श वा सेवा पाएका थिए । | | | |
| | | | किशोर किशोरीहरूका विचारमा स्वयम् सेविकाहरू र समुदायका अन्य सरोकारवालाहरूमा किशोर किशोरी मैत्री सेवाका सम्बन्धमा सकारात्मक धारणा छ । | | | |
| | | | स्वयम् सेविकाहरूले समुदायका किशोर किशोरीहरूलाई कण्डम र पिल्स वितरण गर्दछन् । | | | |
| | **अङ्क (Score)** | (० वा १) | | | | |

* जहाँ सेवा उपलब्ध छ । * If available, where services are regular

| | |
|---|---|
| जम्मा मापदण्ड (Total Standards) | १ |
| जम्मा प्रमाणीकरणका आधारहरू (Total Criteria) | ५ |
| पूरा भएका प्रमाणीकरणका आधारहरू (Criteria met) | |
| हासिल गरेको प्रतिशत (Percentage achievement) | |

| राष्ट्रिय मापदण्डहरू | स्वास्थ्य संस्था प्रमाणीकरणका आधारहरू | पुष्टि गर्ने स्रोतहरू/ तथ्याङ्कका स्रोतहरू | मूल्याङ्कन सूचकहरू | जवाफ/उत्तर छ/छैन/लागू नहुने | | टिप्पणीहरू/पृष्ठपोषणहरू |
|---|---|---|---|---|---|---|
| | | | | स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र | जिल्ला अस्पताल वा सोभन्दा माथि | |
| मापदण्ड २ : स्वास्थ्य सेवा प्रदायकहरूले किशोर किशोरीहरूको लागि प्रभावकारी सेवा प्रदान गर्नु पर्ने छ ( प्रभावकारी सेवाको व्यवस्थापन गर्नु) | २.१: स्वास्थ्य संस्थामा चाहिने जति र भरपर्दो कण्डम, गर्भनिरोधका साधन तथा अन्य उपकरणहरू उपलब्ध छन । | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थामा तल उल्लेखित औषधि र समानहरू आगामी ३ महिनासम्म सेवा दिनका लागि यथेष्ट मात्रामा उपलब्ध छन् । खाने चक्की पिल्स । | | | |
| | | | कण्डम | | | |
| | | | तिन महिने सुई | | | |
| | | | इम्प्लान्ट | | | |
| | | | कपर टी | | | |
| | | | आकस्मिक गर्भ निरोधका साधनहरू | | | |
| | | | गर्भ जाँच किट | | | |
| | | | मेडिकल गर्भपतनका लागि औषधि | | | |
| | | | आइरन चक्की | | | |
| | | | जुकाको औषधि | | | |
| | | | टिटानस डी | | | |
| | | | यौन सङ्क्रमणको उपचार गर्नका लागि प्रति जैविकी औषधिहरू | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | एचआइभी / पीएमटीसीटीका लागि रक्त परीक्षण गर्ने र्‍यापिड टेष्ट किट र एचआइभी सङ्क्रमण र अवसरवादी सङ्क्रमणको व्यवस्थापन गर्नका लागि आवश्यक औषधिहरू * | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | २.२: स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री सेवा दिनका लागि वजन लिने मेसिन लगायत अरू किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्यका सामग्रीहरू छन् । | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थामा तल उल्लेखित औजारहरू काम लाग्ने अवस्थामा उपलब्ध छन् ।<br>उचाइ नाप्ने टेप | | | |
| | | | वजन लिने मेसीन | | | |
| | | | रक्तचाप जाँच्ने (बी पी सेट) | | | |
| | | | स्टेथेस्कोप | | | |
| | | | फीटस्कोप | | | |
| | | | विभिन्न साइजका पञ्जाहरू | | | |
| | | | ढक्कन सहितको औजार राख्ने ट्रे (प्यान) | | | |
| | | | सिम्स स्पेकुलम | | | |
| | | | कस्कोज वाइभल्व स्पेकुलम | | | |
| | | | स्लाइडहरू * | | | |
| | | | आयरर्स स्पाचुला * | | | |
| | | | स्यानिटरी प्याड | | | |
| | | | २% लिगनोकेन जेली | | | |
| | | | पोभिडिन आयोडिन सोलुसन | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | स्वास्थ्य संस्थामा कण्डम बाकस छ र कण्डम बाकसमा कण्डमहरू छन् र किशोर किशोरीहरूले अन्य सेवाग्राही तथा स्वास्थ्यकमीहरूले नदेखिकन गोप्य रूपमा लिन सक्दछन् । * | | | |
| | | स्वास्थ्य संस्थाको अवलोकन/ स्वास्थ्यकर्मीसँग अन्तरवार्ता | विगत ५ महिनामा स्वास्थ्य सेवा दिनका लागि अवरोध हुने गरेर चाहिने सामानहरूको मौज्दात सकिएको थिएन र अन्य सामग्रीहरू फुट्ने बिग्रने भएको थिएन । | | | |
| | **अङ्क (Score)** | **(० वा १)** | | | | |
| | २.३: स्वास्थ्य संस्था विद्यालय र किशोर किशोरीहरू भेला हुने अन्य स्थानहरूको नजिकमा अवस्थित छ । | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्था विद्यालय र किशोर किशोरीहरू भेला हुने अन्य स्थानहरूको नजिकमा वा सार्वजनिक यातायातका साधनहरूको प्रयोग गरेर सहजै पुग्न सकिने स्थानमा अवस्थित छ । | | | |
| | | सेवाग्राही किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview) | स्वास्थ्य संस्था किशोर / किशोरीहरूका लागि सहज पहुँचमा छ । | | | |
| | **अङ्क (Score)** | **(० वा १)** | | | | |
| | २.४: स्वास्थ्य संस्था अपाङ्ग किशोर किशोरीहरूको पहुँचमा छ । | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थामा अपाङ्ग सेवाग्राहीहरूका लागि गुडाउने कुर्ची / स्ट्रेचर छ । | | | |
| | | | स्वास्थ्य संस्थामा अपाङ्ग सेवाग्राहीहरूका लागि सेवाको पालो आउन्जेल पर्खेर बस्नका लागि यथेष्ट ठाउँ छ । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | २.५: स्वास्थ्य संस्थाले हप्तामा कम्तिमा एक दिन विद्यालय खुल्ने समयभन्दा अन्य समयमा किशोर किशोरीहरूका लागि सेवा उपलब्ध गराउँछ । | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थाले हप्तामा कम्तिमा एक दिन वा आवश्यक परेका बेलामा विद्यालय खुल्ने समयभन्दा अन्य समयमा किशोर किशोरीहरूका लागि सेवा / जानकारी उपलब्ध गराउँछ । | | | |
| | | सेवाग्राही किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview) | किशोर /किशोरीले स्वास्थ्य संस्था खुल्ने समय उनीहरूका लागि सजिलो भएको पाए । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | २.६: किशोर किशोरीहरूका लागि निःशुल्क वा उनीहरूले सजिलै तिर्न सक्ने शुल्कमा सेवा उपलब्ध छ । | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थामा किशोर किशोरीहरूका लागि सेवा शुल्कका बारेमा स्पष्ट निर्देशिका छ । | | | |
| | | स्वास्थ्य संस्थाको अवलोकन | किशोर किशोरीहरूका लागि मनोपरामर्श सेवा, समस्याको निदान सम्बन्धी सेवा र साधनहरू निःशुल्क वा किशोर किशोरीहरूले तिर्न/धान्न सक्ने शुल्कमा उपलब्ध गराइन्छ | | | |
| | | सेवाग्राही किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview) | किशोर किशोरीहरूका लागि सबै सेवाहरू निःशुल्क थिए वा उनीहरूले सजिलै तिर्न/धान्न सक्ने शुल्कमा उपलब्ध थिए । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | २.७: सबै किशोर | स्वास्थ्य संस्थाको | जे सुकै समस्या लिएर आएका भए तापनि सबै किशोर किशोरीहरूलाई उनीहरूले नाम दर्ता गर्ने | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | किशोरीहरूलाई नाम दर्ता गर्ने ठाउँमा नै किशोर किशोरी मैत्री सेवाका बारेमा जानकारी दिइन्छ र उनीहरूलाई उनीहरूले जे सुकै समस्या लिएर आएका भए तापनि सघन मनोपरामर्श र सेवा दिइन्छ। | अवलोकन | ठाउँमा नै किशोर किशोरी मैत्री सेवाका बारेमा जानकारी दिइन्छ। | | | |
| | | स्वास्थ्य संस्थाको अवलोकन/ स्वास्थ्यकर्मीसँग अन्तरवार्ता | जे सुकै समस्या लिएर आएका भए तापनि सबै किशोर किशोरीहरूलाई तालिम प्राप्त स्वास्थ्यकर्मीहरूले मनोपरामर्श र सेवा दिन्छन् । | | | |
| | | | जे सुकै समस्या लिएर आएका भए तापनि सबै किशोर किशोरीहरूलाई यौन तथा प्रजनन स्वास्थ्य लगायत अन्य पोषण, धुमपान र मद्यपानका बारेमा छलफल गर्ने अवसर दिइन्छ । | | | |
| | | सेवाग्राही किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview) | किशोर किशोरीलाई उनीहरूले नाम दर्ता गर्ने ठाउँमा नै किशोर किशोरी मैत्री सेवाका बारेमा जानकारी दिइएको थियो। | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |

| | |
|---|---|
| जम्मा मापदण्ड (Total Standards) | १ |
| जम्मा प्रमाणीकरणका आधारहरू (Total Criteria) | ७ |
| पूरा भएका प्रमाणीकरणका आधारहरू (Criteria met) | |
| हासिल गरेको प्रतिशत (Percentage achievement) | |

* जहाँ सेवा उपलब्ध छ।

* If available, where services are regular

| राष्ट्रिय मापदण्डहरू | स्वास्थ्य संस्था प्रमाणीकरणका आधारहरू | पुष्टि गर्ने स्रोतहरू/ तथ्याङ्कका स्रोतहरू | मूल्याङ्कन सूचकहरू | जवाफ/उत्तर छ/छैन/लागू नहुने | | टिप्पणीहरू/ पृष्ठपोषणहरू |
|---|---|---|---|---|---|---|
| | | | | स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र | जिल्ला अस्पताल वा सोभन्दा माथि | |
| मापदण्ड ३:<br><br>किशोर किशोरीहरूले सेवा उपयोग गर्नको लागि स्वास्थ्य संस्थामा उपयुक्त वातावरण पाउनु पर्ने छ (स्वास्थ्य संस्थामा अनुकूल वातावरण) | ३.१: स्वास्थ्य संस्थामा श्रव्य दृश्य (देख्ने र सुन्ने) गोप्यता कायम गरिन्छ ।<br><br>(स्वास्थ्य संस्थामा किशोर किशोरीहरूले सेवा लिँदाखेरी अरूले सुन्न र देख्न नसक्ने व्यवस्था गरिएको छ ।) | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थामा किशोर किशोरीहरूले नाम लेखाउने बेलामा अरूले सुन्न नसक्ने गरी सेवाका बारेमा सोध्न सक्दछन् । | | | |
| | | | स्वास्थ्य संस्थामा किशोर किशोरीहरूले अरूले सुन्न र देख्न नसक्ने गरेर सेवा लिनका लागि अलग्गै कोठा/ठाउँ छ । | | | |
| | | | स्वास्थ्य संस्थामा किशोर किशोरीहरूले पूर्व प्रसूति र बहिरङ्ग सेवा लगायत मनोपरामर्श र सेवा लिँदाखेरी अरूले सुन्न नसक्ने गरेर गेप्यता कायम हुन्छ । | | | |
| | | | स्वास्थ्य संस्थामा किशोर किशोरीहरूले मनोपरामर्श र सेवा लिँदाखेरी अरूले देख्न नसक्ने गरेर गेप्यता कायम हुन्छ । | | | |
| | | स्वास्थ्य संस्थाको अवलोकन/ स्वास्थ्यकर्मी सँग अन्तरवार्ता | किशोर किशोरीहरूलाई मनोपरामर्श, स्वास्थ्य जाँच र सेवा लिँदाखेरी अनावश्यक बाधाहरू न्यून गरिन्छ । | | | |
| | | सेवाग्राही किशोर किशोरीसँग | किशोर किशोरीले नाम लेखाउने बेलामा अरूले सुन्न नसक्ने गरी सेवाका नाम लेखाउन सकेको महसूस गरेका छन् । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | अन्तरवार्ता (Exit interview) | किशोर किशोरीले स्वास्थ्य संस्थामा सेवा लिंदा अरूले सुन्न र देख्न नसक्ने गरी गोप्यता कायम गरिएकोमा सन्तुष्ट भएका छन् । | | | |
| | | | किशोर किशोरीहरूले मनोपरामर्श, स्वास्थ्य जाँच र सेवा लिने क्रममा कुनै पनि बेलामा स्वास्थ्य संस्थाका अन्य कर्मचारीहरू र अरू सेवाग्राहीहरूले बाधा पुर्‍याएका थिएनन् । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | ३.२: स्वास्थ्य संस्थामा सफा पिउने पानी, सफा चर्पी लगायत सफा र स्वच्छ वातावरण छ । | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्था सफा छ । | | | |
| | | | स्वास्थ्य संस्थाले सेवाग्राहीहरूका लागि सफा र शुद्ध पिउने पानी उपलब्ध गराउँछ । | | | |
| | | | स्वास्थ्य संस्थाले महिला र पुरुष सेवाग्राहीहरूका लागि सफा चर्पीको व्यवस्था गरेको छ । | | | |
| | | सेवाग्राही किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview) | सेवाग्राही किशोर किशोरी स्वास्थ्य संस्था र यसको वरिपरिको वातावरणप्रति सन्तुष्ट छन् । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | ३.३: स्वास्थ्य संस्थामा सेवा लिन आएका किशोर किशोरीहरूका लागि पालो आउँदासम्म | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थाले सेवाग्राहीहरूलाई सेवाको पालो कुर्ने बेलामा सजिलैसँग बस्नका लागि प्रयाप्त ठाउँको व्यवस्था गरेको छ । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पर्खनका लागि बस्ने सजिलो/ सहज ठाउँ छ। | | | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | ३.४: सेवाग्राही किशोर किशोरीहरूका लागि पर्खने समय छोटो र ग्राह्य छ। | स्वास्थ्यकर्मीसँग अन्तरवार्ता | स्वास्थ्य संस्थाले किशोर किशोरीहरूका लागि सेवाको पालोका लागि पर्खिने छोटो समय (१ घण्टाभन्दा कम) को व्यवस्था सुनिश्चित गरेको छ। | | | |
| | | सेवाग्राही किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview) | सेवाग्राही किशोर किशोरी स्वास्थ्य संस्थामा पर्खने समयका बारेमा सन्तुष्ट छन्। | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |

| | |
|---|---|
| जम्मा मापदण्ड (Total Standards) | १ |
| जम्मा प्रमाणीकरणका आधारहरू (Total Criteria) | ४ |
| पूरा भएका प्रमाणीकरणका आधारहरू (Criteria met) | |
| हासिल गरेको प्रतिशत (Percentage achievement) | |

| राष्ट्रिय मापदण्डहरू | स्वास्थ्य संस्था प्रमाणीकरणका आधारहरू | पुष्टि गर्ने स्रोतहरू/ तथ्याङ्कका स्रोतहरू | मूल्याङ्कन सूचकहरू | जवाफ/उत्तर छ/छैन/लागू नहुने | | टिप्पणीहरू/पृष्ठपोषणहरू |
|---|---|---|---|---|---|---|
| | | | | स्वास्थ्य चौकी/ प्राथमिक स्वास्थ्य केन्द्र | जिल्ला अस्पताल वा सोभन्दा माथि | |
| मापदण्ड ४ : सेवा प्रदायकहरू किशोर किशोरीहरूको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी आवश्यकतालाई सम्बोधन गर्न सक्षम हुनु पर्ने छ र उनीहरूसँग काम गर्नका लागि उत्प्रेरित हुनु पर्दछ (सेवा प्रदायकको क्षमता अभिवृद्धि) | ४.१: सहयोगी कर्मचारी लगायत सबै कर्मचारीहरूले किशोर किशोरी मैत्री सेवाका बारेमा अभिमुखीकरण पाएका छन् । | स्वास्थ्य संस्थाको अवलोकन | सहयोगी कर्मचारी लगायत सबै कर्मचारीहरूले राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिकाका बारेमा अभिमुखीकरण पाएका छन् । | | | |
| | **अङ्क (Score)** | (० वा १) | | | | |
| | ४.२: स्वास्थ्य संस्थाका प्रमुख लगायत कम्तीमा एकजना पुरुष र एक जना महिला स्वास्थ्यकर्मीले किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी ५ दिने किशोर किशोरी मैत्री सेवा दिने सिपको तालिम पाएका छन् । | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थाका प्रमुख लगायत कम्तीमा एकजना पुरुष र एक जना महिला स्वास्थ्यकर्मीले राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले विकास गरेको किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धी ५ दिने किशोर किशोरी मैत्री सेवा दिने सिपको तालिम पाएका छन् । | | | |
| | | | कम्तीमा एकजना तालिम प्राप्त स्वास्थ्यकर्मी स्वास्थ्य सेवा दिने समयमा उपलब्ध छन् । | | | |
| | | स्वास्थ्य | स्वास्थ्यकर्मीहरूले उनीहरूसँग किशोर | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | कर्मीसँग अन्तरवार्ता | किशोरीहरूलाई मनोपरामर्श दिनका लागि आवश्यक ज्ञान तथा सिप छ भन्ने कुरा विश्वास गर्दछन् । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | ४.३ स्वास्थ्यकर्मीहरूले कुनै पूर्वाग्रह बिना किशोर किशोरीहरूका चासो तथा आवश्यकताहरूप्रति आदारभाव देखाउँछन् । | सेवाग्राही किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview ) | किशोर किशोरीहरूले स्वास्थ्य संस्थाको स्वागत कक्षमा बस्ने कर्मचारी, सहयोगी कर्मचारी र स्वास्थ्यकर्मीहरूले स्वागत गरेका महसुस गरे । | | | |
| | | | किशोर किशोरीलाई स्वास्थ्यकर्मीहरूले पूरा ध्यान दिए । | | | |
| | | | किशोर किशोरीले भनेका कुराहरूमा स्वास्थ्यकर्मीहरूले मन लगाएर सुनेका थिए । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले किशोर किशोरीका विचारहरूमा आदरभाव देखाएका थिए । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले किशोर किशोरीहरूलाई सहयोगी, निष्पक्ष र सजिलो व्यवहार गरेका थिए । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले गरेको सबै व्यवहारबाट किशोर किशोरीहरू सन्तुष्ट भएका छन् । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | ४.४ स्वास्थ्यकर्मीहरूले किशोरावस्थाको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी फ्लिपचार्टको वा मनोपरामर्शका अन्य कुनै सामग्रीको प्रयोग गरेर किशोर किशोरी यौन तथा | सेवाग्राही किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview) | स्वास्थ्यकर्मीहरूले किशोरावस्थाको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी फ्लिपचार्ट वा वा मनोपरामर्शका अन्य कुनै सामग्रीको प्रयोग गरेर किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी मनोपरामर्श दिएका थिए । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले किशोर किशोरीले बुझ्ने तरिकाले कुराहरू गरेका थिए । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रजनन स्वास्थ्यसम्बन्धी सही मनोपरामर्श दिन्छन् | | स्वास्थ्यकर्मीहरूले किशोर किशोरीलाई आफ्ना चासोहरू तथा विचारहरू भन्न उत्प्रेरित गरेका थिए । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | ४.५ स्वास्थ्यकर्मीहरूले किशोरावस्था जव एड अन्य उपयुक्त निर्देशिका ( यौन सङ्क्रमण व्यवस्थापन निर्देशिका, प्रजनन स्वास्थ्य निर्देशिका (प्रोटोकल), राष्ट्रिय चिकित्सा मापदण्ड १, २ र राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रम सञ्चालन निर्देशिकाहरूको प्रयोग गरेर किशोर किशोरीहरूका समस्याहरूको जाँचपडताल र व्यवस्थापन गर्दछन् । | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्यसंस्थामा किशोरावस्था जव एड छ | | | |
| | | | स्वास्थ्यकर्मीहरूले किशोर किशोरीहरूलाई के के जाँचपडताल र गरिँदै छ र किन गरिँदै छ भनेर बताएका थिए । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले किशोर/ किशोरीहरूलाई उनीहरूको समस्याको निदान बारेमा बताएका थिए । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले किशोर/ किशोरीहरूका लागि के उपचार सिफारिस गरेका छन् र किन गरेका छन् भन्ने बारेमा बताएका थिए । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले किशोर/ किशोरीहरूका लागि सिफारिस गरेका उपचारका राम्रा र नराम्रा पक्षका बारेमा बताएका थिए । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले किशोर/ किशोरीहरूका लागि बताएका उपचारमध्ये कुन छान्ने हो भनेर सोधेका थिए । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले किशोर/ किशोरीहरूलाई प्रश्न सोध्न अनुमति दिएका थिए र उनीहरूका प्रश्नका समाधानहरू बताएका थिए । | | | |
| | | | किशोर/ किशोरीहरू स्वास्थ्यकर्मीहरूका प्रविधिक ज्ञान र सिपबाट सन्तुष्ट भएका छन् । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | ४.६ स्वास्थ्यकर्मीहरूले सेवाग्राही किशोर किशोरीहरूका लागि यथेष्ट समय दिन्छन् र प्रभावकारी सञ्चारको सिप प्रदर्शन गर्दछन् । | स्वास्थ्यकर्मीसँग अन्तरवार्ता | स्वास्थ्यकर्मीहरूले सेवाग्राही किशोर किशोरीहरूका लागि यथेष्ट समय दिन्छन् छलफल र मनोपरामर्शका लागि यथेष्ट समय छ भन्ने महसूस गर्दछन् । | | | |
| | | सेवाग्राही किशोर किशोरीसँग अन्तरवार्ता (Exit interview) | सेवाग्राही किशोर किशोरीहरूले उनीहरूका आवश्यकताहरूमा सम्बोधान गर्नका लागि स्वास्थ्यकर्मीहरूसँग छलफल गर्नका लागि यथेष्ट समय थियो भन्ने महसूस गर्दछन् । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले सेवाग्राही किशोर/किशोरीहरूलाई मैत्रीपूर्ण व्यवहारमा आदर गर्दै आफ्नो परिचय दिए र किशोर किशोरीको नाम सोधेका थिए । | | | |
| | | | सेवाग्राही किशोर किशोरीहरूले स्वास्थ्यकर्मीहरूले उनीहरूका चासोहरूका बारेमा राम्रोसँग सुनेका थिए भन्ने महसूस गरे । | | | |
| | | | स्वास्थ्यकर्मीहरूले सेवाग्राही किशोर किशोरीलाई सहज महसूस गराएका थिए । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |

| | |
|---|---|
| जम्मा मापदण्ड (Total Standards) | १ |
| जम्मा प्रमाणीकरणका आधारहरू (Total Criteria) | ६ |
| पूरा भएका प्रमाणीकरणका आधारहरू (Criteria met) | |
| हासिल गरेको प्रतिशत (Percentage achievement) | |

| राष्ट्रिय मापदण्डहरू | स्वास्थ्य संस्था प्रमाणीकरणका आधारहरू | पुष्टि गर्ने स्रोतहरू/ तथ्याङ्कका स्रोतहरू | मूल्याङ्कन सूचकहरू | जवाफ/उत्तर छ/छैन/लागू नहुने | | टिप्पणीहरू/पृष्ठपोषणहरू |
|---|---|---|---|---|---|---|
| | | | | स्वास्थ्यचौकी/प्राथमिक स्वास्थ्य केन्द्र | जिल्ला अस्पताल वा सोभन्दा माथि | |
| मापदण्ड ५ : समुदायको वातावरण किशोर किशोरीहरूले आफूलाई यौन तथा प्रजनन स्वास्थ्य सेवाको आवश्यकता परेको समयमा सजिलै सेवा लिन जान सक्ने खालको हुनु पर्ने छ (अनुकूल वातावरणको सिर्जना) | ५.१: स्वास्थ्य स्वयम् सेविका, शिक्षक र स्थानीय समुदायका सरोकारवालाहरू लगायत स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरूले राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका सम्बन्धमा अभिमुखीकरण पाएका छन् । | स्वास्थ्य संस्थाको अवलोकन/ स्वास्थ्यकर्मीसँग अन्तरवार्ता / स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यसँग अन्तरवार्ता | स्वास्थ्य स्वयम् सेविका, शिक्षक र स्थानीय समुदायका सरोकारवालाहरू लगायत स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यहरूले राष्ट्रिय किशोर किशोरी यौन तथा प्रजनन स्वास्थ्य कार्यक्रमका सम्बन्धमा अभिमुखीकरण पाएका छन् । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | ५.२: गाउँ विकास समितिलाई किशोर किशोरी मैत्री सेवाका | स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका | गाउँ विकास समितिलाई किशोर किशोरी मैत्री सेवाका बारेमा जानकारी / जन चेतनामूलक गतिविधहरू गराइएको छ । | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बारेमा जानकारी गराइएको छ र गा. वि. स. किशोर किशोरी मैत्री सेवाका लागि सहयोगी छ । | सदस्यसँग अन्तरवार्ता | गा. वि. स. किशोर किशोरी मैत्री सेवाका लागि सहयोगी छ | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |
| | ५.३: स्वास्थ्य संस्थाले विगत ६ महिनामा कम्तिमा एक पटक अविभावक र अन्य सरोकारवालाहरूलाई लक्ष्यित गरेर किशोर किशोरी मैत्री सेवाका बारेमा जन चेतना मूलक गतिविधि सञ्चालन गरेको छ । | स्वास्थ्य संस्थाको अवलोकन/स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका सदस्यसँग अन्तरवार्ता | स्वास्थ्य संस्थाले विगत ६ महिनामा अभिभावक र समुदायका सरोकारवालाहरूका लागि किशोर किशोरी मैत्री सेवाका बारेमा जनचेतना वृद्धि गर्ने गतिविधि सञ्चालन गरेको वा समन्वय गरेको छ । | | | |
| | **अङ्क (Score)** (० वा १) | | | | | |

| | |
|---|---|
| जम्मा मापदण्ड (Total Standards) | १ |
| जम्मा प्रमाणीकरणका आधारहरू (Total Criteria) | ३ |
| पूरा भएका प्रमाणीकरणका आधारहरू (Criteria met) | |
| हासिल गरेको प्रतिशत (Percentage achievement) | |

| राष्ट्रिय मापदण्डहरू | स्वास्थ्य संस्था प्रमाणीकरणका आधारहरू | पुष्टि गर्ने स्रोतहरू/ तथ्याङ्कका स्रोतहरू | मूल्याङ्कन सूचकहरू | जवाफ/उत्तर छ/छैन/लागू नहुने | | टिप्पणीहरू/पृष्ठपोषणहरू |
|---|---|---|---|---|---|---|
| | | | | स्वास्थ्यचौकी /प्राथमिक स्वास्थ्य केन्द्र | जिल्ला अस्पताल वा सोभन्दा माथि | |
| मापदण्ड ६: किशोर किशोरी हरूलाई स्वास्थ्य संस्थाबाट गुणस्तरीय स्वास्थ्य सेवाहरू उपलब्ध हुन्छन् भन्ने कुराको जानकारी गराइएको हुनु पर्ने छ (किशोर किशोरी हरूसँग सञ्चार) | ६.१: स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री सेवाको प्रतीक /चिन्ह (Logo) स्पष्टसँग देखाइएको (टाँगिएको) छ । | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थामा किशोर किशोरी मैत्री सेवाको प्रतीक (चिन्ह) स्पष्टसँग देखाइएको (टाँगिएको) छ । | | | |
| | **अङ्क (Score)** | (० वा १) | | | | |
| | ६.२: स्वास्थ्य संस्थामा सेवा उपलब्ध हुने समयको बिस्तृत जानकारी सहितको किशोर किशोरी मैत्री सेवाको बोर्ड स्पष्ट देखिने गरेर लगाइएको छ। | स्वास्थ्य संस्थाको अवलोकन | स्वास्थ्य संस्थामा सेवा उपलब्ध हुने समयको विस्तृत जानकारी सहितको किशोर किशोरी मैत्री सेवाको बोर्ड स्पष्ट देखिने गरेर लगाइएको छ । | | | |
| | **अङ्क (Score)** | (० वा १) | | | | |
| | ६.३: विगत ६ महिनामा कम्तिमा एक पटक किशोर किशोरीहरूको लागि काम गर्ने विद्यालय, साथी शिक्षक, युवा क्लव, बाल | स्वास्थ्य संस्थाको अवलोकन/ स्वास्थ्य संस्था | स्वास्थ्य संस्थाबाट विगत ६ महिनामा विद्यालयमा किशोर किशोरी मैत्री सेवाको प्रवर्द्धनका लागि योगदान तथा समन्वय गरिएको छ । | | | |
